वर्ष : १३, अंक : ९, काठमाडौं, २०७४ जेष्ठ २६ गते शुक्रबार 9 June 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## मधेशको आन्दोलन र सहादत निर्वाचनका लागि होइन : महतो



राजेन्द्र महतो

सर्लाही । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलीय नेता राजेन्द्र महतोले मधेशको आन्दोलन र सहादत निर्वाचनका लागि नभई संविधान अधिकार सुनिश्चितताका लागि भएको बताएका छन् ।

मलंगवामा बुधबार आयोजित पत्रकार सम्मेलनमा उनले राजपा नेपालको पहिलो लक्ष्य अधिकार प्राप्ति नै भएकोले संविधानमा अधिकार सुनिश्चितता नभएसम्म निर्वाचनमा सहभागी हुने वातावरण नरहेको जिकिर गरे ।

उनले तत्कालै मधेशको माग पुरा भएपनि असार १४ गते निर्वाचनमा भाग लिन नभ्याउने अवस्था रहेको बताएका छन् । तोकिएको चुनाव मिति अनुसार असार २ गते मनोनय गर्नुपर्ने अवस्थामा राजपाले तयारी गर्न नभ्याउने उनको भनाई थियो ।

## उच्चस्तरीय टोलीद्वारा अनुगमन



गिरिशचन्द्र लाल

भैरहवा । मधेश आन्दोलनमा भएका घटनाहरूको छानविन गर्न गठन भएको उच्चस्तरीय जाँचबुझ आयोगको टोली रूपन्देही र कपिलवस्तुमा पुगेको छ । सर्वोच्च अदालतका पूर्व वरिष्ठ न्यायाधिश गिरिशचन्द्र लालको अध्यक्षतामा गठित आयोगको १२ सदस्यीय टोली छानबिन गर्न पुगेको हो । मधेश आन्दोलनको क्रममा रूपन्देही, कपिलवस्तु र नवलपरासीमा भएका घटनाहरूको छानबिन गर्नका लागि टोली पुगेको आयोगका उपसचिव अर्जुन कुमार शर्माले जानकारी दिए । उनका अनुसार टोलीले ३ जिल्लाको आन्दोलनका क्रममा घटनाहरू भएका.स्थलहरूको निरीक्षण गर्ने, पीडित परिवारसँग भेटघाट गर्ने र उनीहरूको अवस्थाबारे जानकारी लिनेछ । ३ जिल्लामा भएको घटनाहरूको निरीक्षण र जानकारी लिए पश्चात ३ वटै जिल्लामा सरोकारवाला र पीडित परिवारहरूसँग अन्तरक्रिया कार्यक्रम गर्ने उनले बताए ।

## सप्तरीका सबै केन्द्र सुरक्षा संवेदनशील

राजविराज । सप्तरीका सबै मतदान स्थल र मतदान केन्द्रलाई सुरक्षा निकायले सुरक्षाको दृष्टिले संवेदनशील मानेको छ । सीमा क्षेत्र र विगतमा अवाञ्छित गतिविधि भएका आधारमा सबै केन्द्र सुरक्षाका दृष्टिले संवेदनशील देखिएको सप्तरीका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालले बताए । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार मतदान केन्द्रलाई संवेदनशील र अति संवेदनशील गरी दुई भागमा वर्गीकरण गरिएको छ । दुई सय ६ मतदान स्थलको तीन सय २६ मतदान केन्द्र अति संवेदनशील र ८६ मतदान स्थलको एक सय ३५ मतदान केन्द्र संवेदनशील रहेको कार्यालयले जनाएको छ । सशस्त्र समूहको चुनौती रहेको सप्तरीमा राजपा नेपालले निर्वाचनमा भाग नलिए चुनौती थपिने भएकाले केन्द्रहरूमा सुरक्षा व्यवस्था मजबुत पारिएको सुरक्षा अधिकारीहरूले बताए ।

## खडेरीले मधेशमा चैते धान खेतमै डढ्यो

वीरगञ्ज । जेठको दोश्रो सातादेखि गर्मी अत्याधिक बढेका कारण पर्सासहित मध्यतराईको जनजीवन प्रभावित भएको छ । जेठको दोश्रो साता यता एक दिन मात्र पानी परे पनि तापक्रम भने अत्याधिक वृद्धि भइ चर्को गर्मी र प्रचण्ड घामका कारण सर्वसाधरणको दैनिकी नै अस्त व्यस्त बनेको छ । जेठको दोश्रो साता यता वर्षा नभएर खडेरी परेकाले पर्सा र बारामा किसानहरूले रोपेको चैत धान खेतमै डढ्न थालेको छ । नहर र बोरिङको सिंचाइ सुविधा नभएका स्थानमा गरिएको चैते धान सिंचाइको अभाव र खडेरीका कारण डढन थालेको किसानहरूले बताएका छन्।

पर्साको ठोरी, निर्मलवस्ती, सोनवर्षा, उदयपुरघुर्मी लगायतका गाविसमा चैते धानको खेती हुँदै आएको छ । यस्तै बाराको डुमरवाना, महेन्द्रनगर, झल्ला, बदाफर, कतर्वा, धर्मनगर, छातापिपरा, फत्तेपुर, बकुलीया लगायतका स्थानमा पनि किसानहरूले चैते धान रापेका छन् । लामो समय देखि पानी नपरेका कारण चैते धानको खेतमा सिंचाइ गर्न नपाएको किसानहरूले बताएका छन् । अहिले चैते धानको गाज आउने बेला भएकाले सिंचाइको अभावले चैते धानको खेतीमा असर परेको जिल्ला कृषि विकास कार्यालय पर्साका प्राविधिक सहायक महेन्द्र कुशवाहाले बताए । यसले चैते धानको उत्पादनमा पनि कमी आउने सम्भावना देखिएको उहको भनाइ ।

# कांग्रेस-राजपा गठबन्धन : नैतिक कि अनैतिक

**अहिले कांग्रेसको नेतृत्वमा नयाँ सरकार गठन भएको छ र गठनपूर्व मधेशी दलहरूसँग फेरि एक प्रकारको सम्झौता गरिएको छ । यद्यपी ती सम्झौता प्रधानमन्त्रीको निर्वाचनमा शेरबहादुर देउवालाई जिताउन मधेशी दलहरूको मन जित्ने एउटा उपक्रम मात्र हो भन्दा अतिशयोक्ति नहोला ।**

मधेशवाणी डेस्क

काठमाडौं । असमानता, अन्याय र रंगभेदको विरोधमा २००८ सालमा नेपाली काँग्रेसका नेता वेदानन्द झाले सुरू गरेको अभियान २०७४ सालसम्म आइपुग्दा पनि जारी छ । यसबीच थुप्रै नेताहरूले काँग्रेस परित्याग गरी वेदानन्द झाले अनुसरण गरेको बाटो पच्छयाए पनि अहिलेसम्म कुनै उपलब्धी हासिल हुन सकेको छैन ।

नेपाली काँग्रेस देशकै सबैभन्दा ठूलो प्रजातान्त्रिक शक्ति भए पनि मधेशप्रति उसको अनुदार नीतिकै फलस्वरूप थुप्रै नेताहरू विद्रोही भएर पार्टीबाट निस्किए । २०१५ सालमा मधेशी जनक्रान्ति दल गठन गरेर रघुनाथ ठाकुरले विद्रोह गरे भने २०४६ सालमा गजेन्द्रनारायण सिंहले पार्टीको नीतिको विरोध गर्दै आफ्नै पार्टी बनाए । काँग्रेस भित्र विद्रोह गर्ने क्रम जारी रहँदा पनि त्यसको नेतृत्व वर्गमा चेत भने खुलेन र परिणामत: २०६४ सालमा महन्थ ठाकुर पनि विद्रोह गर्न बाध्य भए ।

ती सबै विद्रोही छवि भएका नेताहरूको एउटै लक्ष्य छ-पार्टीको विभेदकारी नीति जो मधेशसँग सम्बन्धित छ । यद्यपी काँग्रेसको गढ भनेको नै मधेश हो तर उसले कहिले पनि मधेशलाई विश्वासमा लिन सकेन/जानेन । मतका लागि मात्र मधेशलाई हेर्ने संकीर्ण र अतिवादी सोचले गर्दा नै आम मधेशी समुदायमा काँग्रेसप्रति वितृष्णा जागृत भएको तथ्य नेतृत्वले अहिलेसम्म बुझ्न सकेको छैन ।

काँग्रेसले मधेशको मत पाएर २०४६ सालपछि थुप्रै पटक सरकारको नेतृत्व गरेपनि उसको अनुदार नीतिमा अहिलेसम्म कुनै फेरबदल आएको छैन । यसबीचमा उसले मधेशका राजनीतिक दलहरूसँग थुप्रै पटक विभिन्न खालका सम्झौता र सहमति गरे पनि ती सबै रद्दीको टोकरीमा फालिएको छ ।

अहिले काँग्रेसको नेतृत्वमा नयाँ सरकार गठन भएको छ र गठन पूर्व मधेशी दलहरूसँग फेरि एक प्रकारको सम्झौता गरिएको छ । यद्यपी ती सम्झौता प्रधानमन्त्रीको निर्वाचनमा शेरबहादुर देउवालाई जिताउन मधेशी दलहरूको मन जित्ने एउटा उपक्रम मात्र हो भन्दा अतिशयोक्ति नहोला । किनभने पूर्व सहमति र सम्झौताहरू आजको मितिसम्म कार्यान्वयन नहुनुमा काँग्रेसको नेतृत्व वर्ग जति दोषी छन् मधेशी दलहरू पनि उत्तिकै दोषका भागिदार छन् ।

काँग्रेसले सम्झौता गर्न मात्र जानेको छ र त्यसको इमान्दार कार्यान्वयनप्रति चासो छैन भने किन फेरि सम्झौता गर्न हतार ? यावत प्रश्नहरू तबसम्म तेर्सिरहन्छ जबसम्म दुवै पक्ष (काँग्रेस स्वयं र मधेशी दलहरू) आ-आफ्नो स्थानमा उभिएर गहन समीक्षा गर्दैनन् ।

### मधेशीसँग कांग्रेसको सम्बन्ध

| क्र.सं. | मिति | मूल दल | नयाँ | नेतृत्व |
|---|---|---|---|---|
| १. | वि.सं. २००८ साल | नेपाली कांग्रेस | तराई कांग्रेस | वेदानन्द झा |
| २. | वि.सं. २०१५ साल | नेपाली कांग्रेस | मधेशी जनक्रान्तिकारी दल | "रघुनाथ ठाकुर मधेशी" |
| ३. | वि.सं. २०४६ साल | नेपाली कांग्रेस | नेपाल सद्भावना परिषद् (२०४७ सालमा नेपाल सद्भावना पार्टीमा परिणत) | गजेन्द्र नारायण सिंह |
| ४. | वि.सं. २०६४ पुस १३ गते | नेपाली कांग्रेस | तराई-मधेश लोकतान्त्रिक पार्टी | महन्थ ठाकुर |

### मधेशकेन्द्रित दलहरुमा हालको नेतृत्व र पृष्ठभूमि

| क्र.सं. | अध्यक्ष | पार्टी | पूर्वपार्टी |
|---|---|---|---|
| २. | महन्थ ठाकुर | तराई मधेश लोकतान्त्रिक पार्टी | नेपाली कांग्रेस |
| ३. | अमर यादव | मधेश तराई फोरम | नेपाली कांग्रेस |
| ४. | विजयकुमार गच्छदार | मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक) | नेपाली कांग्रेस |
| ५. | जयप्रकाश गुप्ता | मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) | नेपाली कांग्रेस |
| ६. | शरत्‌सिंह भण्डारी | राष्ट्रिय मधेश समाजवादी पार्टी | नेपाली कांग्रेस |

*नोट : उपेन्द्र यादव र महेन्द्र यादव नेकपा एमालेबाट आएका छन् ।*

### मधेशसँग भएका सम्झौताहरू

| क्र.सं. | मिति | बुँदा | सरकारको नेतृत्व गर्ने दल | सत्तारुढ दल | मधेशी दल |
|---|---|---|---|---|---|
| १. | २०५०।९।०५ | ४ | श्री ५ को सरकारको तर्फबाट माननीय मन्त्री श्री शेरबहादुर देउवा, माननीय राज्यमन्त्री श्री महेश आचार्य, माननीय श्री अर्जुननरसिंह केसी | नेपाली कांग्रेस | नेपाल सद्भावना पार्टीको तर्फबाट माननीय श्री हृदयेश त्रिपाठी, श्री राजेन्द्र महतो र श्री गौरीशंकर महापाल |
| २. | २०५५।७।६ | ३ | श्री ५ को सरकारको तर्फबाट मन्त्री अर्जुननरसिंह केसी | नेपाली कांग्रेस | नेपाल सद्भावना पार्टीको तर्फबाट श्री रामेश्वर राय यादव, श्री भोगेन्द्र ठाकुर र श्री शैलेश कुमार चोधरी |
| ३. | २०६४।५।१३ | २२ | नेपाल सरकारको तर्फबाट श्री रामचन्द्र पौडेल (संयोजक सरकारी वार्ता टोली) | नेपाली कांग्रेस | मधेशी जनअधिकार फोरम, नेपालका संयोजक श्री उपेन्द्र यादव |
| ४. | २०६४।११।१६ | ८ | नेपाल सरकारको तर्फबाट प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला | नेपाली कांग्रेस | संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका तर्फबाट श्री महन्थ ठाकुर, श्री राजेन्द्र महतो, श्री उपेन्द्र यादव |

## एमाले झन् मधेश विरोधी

काठमाडौं । मधेशसँग हुँदै आएको रंगभेदमा नेकपा एमालेको पनि कम हात छैन । नेकपा एमालेले मधेशप्रति आफ्नो दृष्टिकोण स्पष्ट गर्न सकेको छ । मधेशका सवालमा विभिन्न समयमा एमालेका नेतृत्वपंक्तिले दिँदै अएको अभिव्यक्ति र कार्यशैलीले मधेश झन् पीडित हुँदै आएको छ । कांग्रेस-माओवादी केन्द्र गठबन्धन सरकारले मधेशसँग गरेको कार्यगत पूर्वाग्रहमा एमालेको मौनताले झन् प्रष्टिएको छ कि मधेशीसँग हुँदै आएको विभेद ठिक छ भन्ने स्वीकार गर्दै आएको छ ।

## आन्दोलनको निरन्तरता

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपाल नेतृत्वको संघीय गठबन्धनले आन्दोलनका कार्यक्रममा दुई दिन थप गरेको छ । गठबन्धनको निर्धारित कार्यक्रम बिहीबार सम्पन्न भएको सोही कार्यक्रमलाई थप दुई निरन्तरता दिएको गठबन्धनका संयोजक महन्थ ठाकुरले विज्ञप्तिमार्फत् जनाएका छन् । दोस्रो चरणमा घोषणा भएको आन्दोलनका कार्यक्रमहरू अन्तरगत बिहीबार चक्का जाम कार्यक्रम पछि सकिएको हो । ठाकुरले २६ र २७ गते प्रत्येक गाउँपालिका, नगरपालिकासहित प्रत्येक वडाहरूमा आन्दोलन परिचालन समितिलाई सघन रूपमा निर्माण गर्न निर्देशन दिएका छन् । गठबन्धनको आगामी कार्यक्रमहरू २८ गते सार्वजनिक गरिने विज्ञप्तिमा उल्लेख छ ।

## देउवालाई मोदीको बधाई

काठमाडौं । मुलुकको ४०औं प्रधानमन्त्री चुनिएलगत्तै शेरबहादुर देउवालाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बधाई र कार्यकाल सफलताको शुभकामना दिएका छन् । टेलिफोन वार्तामा मोदीले नेपाल-भारत सम्बन्ध तथा उनको यसअघिको अनुभव र आगामी निर्वाचनबारे समेत कुराकानी गरेको बताइएको छ । मोदीले नवनिर्वाचित प्रधानमन्त्री देउवालाई भारत भ्रमणको निमन्त्रणासमेत दिएका छन । मोदीले देउवालाई शुभकामना दिएको भनी ट्वीटसमेत गरिसकेका छन् ।



## बेलाको बोली

रामसुकुल मण्डल



## राजपालाई चुनावमा सहभागी गराउन कानुनी बाटो खुल्यो !

**राजपाले चुनावमा जानको लागि छाता चुनाव चिह्न मागेपनि निर्वाचन आयोगले कानूनी अड्चन देखाएको थियो । सरकारले मधेशी दललाई चुनावमा भाग लिन सहज बनाउने भन्दै निर्वाचन कानून संशोधन गरेपनि मधेसी दलका नेताहरूले भने यथास्थितीमा चुनावमा भाग नलिने अडान कायमै राखेका छन् ।**

व्यवस्थापिका संसदले स्थानीय तह निर्वाचनसम्बन्धि पहिलो संशोधन विधेयक २०७४ लाई पारित गरेको छ । बिहीबार संसदको दोस्रो बैठकले 'स्थानीय तह निर्वाचन ( पहिलो संशोधन ) विधेयक, २०७४ बहुमतले पारित भएको हो । विधेयक पारित भएसँगै राष्ट्रिय जनता पार्टी नेपाललाई दोस्रो चरणको स्थानीय तह निर्वाचनमा सहभागी गराउन बाटो खुलेको छ । शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन गर्ने समयमा भएको सहमति अनुसार सरकारले संशोधन विधेयक पारित गरेको हो ।

सरकारले राष्ट्रिय जनता पार्टी नेपाललाई निर्वाचनमा भाग लिन सहज हुने गरी ऐनमा संशोधन गरेको हो । स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा १८ को उपदफा १ मा उम्मेदवारको मनोनयन दाखिला गर्ने अन्तिम मितिभन्दा १५ दिन अगावै निर्वाचन आयोगलाई बुझाउनु पर्ने प्रावधान थियो । तर, यो नियमलाई निलम्बन गर्दै मनोनयन पत्र दाखिला गर्ने अन्तिम मिति अगावै आयोगले तोकेको अवधिभित्र भन्ने प्रावधान राखिएको छ । ऐन संशोधन गर्न सरकारले फास्ट ट्र्याकबाट संसदले नियमावली निलम्बन गरेको हो ।

संशोधन प्रस्तावमाथि संशोधन राख्न आवश्यक पर्ने ७२ घण्टाको प्रावधानलाई पनि निलम्बन गरिएको छ । त्यसअघि संसदको पहिलो बैठकमा कांग्रेसका प्रमुख सचेतक चिनकाजी श्रेष्ठले पेश गरेको व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम २५९ बमोजिम नियमावलीको नियम १२७ को उपनियम १ लाई निलम्बन गरियोस् भन्ने प्रस्तावलाई बहुमतले पारित गरेको थियो । उक्त नियम निलम्बन प्रस्तावलाई नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक टेकबहादुर बस्नेतले समर्थन गरेका थिए ।

राजपाले चुनावमा जानको लागि छाता चुनाव चिह्न मागेपनि निर्वाचन आयोगले कानूनी अडचन देखाएको थियो । सरकारले मधेसी दललाई चुनावमा भाग लिन सहज बनाउने भन्दै निर्वाचन कानून संशोधन गरेपनि मधेसी दलका नेताहरूले भने यथास्थितीमा चुनावमा भाग नलिने अडान कायमै राखेका छन् । उनीहरूले संविधान संशोधन लगायतका माग पूरा गर्नुपर्ने शर्त राखेका छन् ।

यता, संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले राष्ट्रिय जनता पार्टी नेपाल स्थानीय तह दोस्रो चरणको निर्वाचनमा आउने विश्वास व्यक्त गरेका छन् । अध्यक्ष यादवले मधेशी जनतालाई मतदानबाट बञ्चित गराउने अधिकार कसैलाई नरहेको पनि बताए । उनले मधेशका जनताले निर्वाचन, समृद्धि र विकास चाहेको उल्लेख गर्दै त्यसमा राष्ट्रिय जनता पार्टीको पनि साथ रहने उल्लेख गरे ।

अध्यक्ष यादवले निर्वाचनमा राष्ट्रिय जनता पार्टीसँग तालमेल गरेर जान आफनो पार्टी तयार रहेको पनि बताए । काठमाडौंमा भएको साक्षात्कार कार्यक्रममा अध्यक्ष यादवले ढिला नगरी संविधान संशोधन प्रस्ताव पारित गर्न पनि नयाँ सरकारलाई सुझाव दिए । यादवले संविधान संशोधन गरेर स्थानीय तह दोस्रो चरणको निर्वाचनको राम्रो वातावरण बनाउन सरकार तयार हुनुपर्ने भन्दै संविधान संशोधन गरेर सबैको मागलाई सम्बोधन नगरे जनताको विद्रोह, संघर्ष र बलिदानबाट प्राप्त गणतन्त्र, संघीयता र समावेशी लोकतन्त्रजस्ता उपलब्धि धरापमा पर्ने चेतावनी दिए ।



## सम्पादकीय



# मधेशको जनमत र अपेक्षाको मानमर्दन नगर

कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री चयन गर्न सघाउने क्रममा मधेशमा आन्दोलनरत राष्ट्रिय जनता पार्टी नेपाल र संघीय समाजवादी फोरम नेपालले एउटै प्रकृतिका अलग अलग पत्रमा सम्झौता गरेका छन् । सम्झौतमा कुनै नयाँ कुरा नभइ पुरानै मुद्दा दोहोरिएका छन् । प्रधानमन्त्री देउवा, माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले हस्ताक्षर गरेको सम्झौतापत्रमा राजपाका तर्फबाट अध्यक्ष महन्थ ठाकुर बाहेक अन्य शीर्ष नेताहरूको हस्ताक्षर छ भने संघीय फोरमका अध्यक्ष उपेन्द्र यादवले हस्ताक्षर गरेका छन् ।

प्रधानमन्त्रीमा देउवालाई मत हाल्न केही घण्टा अघि भएको तीन बुँदे सहमतिले कुन आधारमा मधेशी नेताहरूको मन जितेको छ त्यसका जबाब मधेशसँग छैन तर यसले मधेशमा भइरहेको आन्दोलनप्रति प्रश्न चिन्ह खडा गरेको छ ।

> मधेशी जनताले उनीहरूलाई मुद्दा छाडेर सम्झौता गर भनेको होइन तर जब सत्ता समीकरणको नयाँ अध्याय सुरू हुन्छ तब तब मधेशी दलहरू मुद्दालाई पछि धकेल्दै त्यस समीकरणको गोटी बन्न जान्छ ।

संविधान संशोधन बिना निर्वाचनको विरोध गरिरहेका दलहरू कुन आधारमा प्रधानमन्त्रीको निर्वाचनमा मत हाल्न पुगे ? यद्यपी उनीहरू प्रधानमन्त्रीको निर्वाचनमा मत हालेको पहिलो पटक होइन । संविधान जलाएर र संविधानको अपनत्व स्वीकार नगर्नेहरूले त्यहि संविधानअनुसार बन्ने प्रधानमन्त्रीलाई मत दिनु मधेश आन्दोलनप्रतिको धोका हो वा होइन, त्यो अर्कै बहसको विषय होला तर जब संविधान संशोधनको मुद्दा पटक पटकको प्रतिवद्धताका बाबजुद पनि पूरा नभएको छनक देख्दा देख्दै प्रधानमन्त्रीको निर्वाचनमा मत दिनु गैरराजनीतिक चरित्र भएको भन्न सकिन्छ ।

मधेशी दल खास गरी राजपाको पछिल्लो निर्णय मधेशको जनमत र अपेक्षा विपरीत हो । मधेशी जनताले उनीहरूलाई मुद्दा छाडेर सम्झौता गर भनेको होइन तर जब सत्ता समीकरणको नयाँ अध्याय सुरू हुन्छ तब तब मधेशी दलहरू मुद्दालाई पछि धकेल्दै त्यस समीकरणको गोटी बन्न जान्छ ।

यसपटक राजपाले किन भन्न सकेन-जसरी संविधान संशोधन बिना चुनावमा जाँदैनौ त्यसरी नै प्रधानमन्त्रीको निर्वाचनमा भाग नलिइ तटस्थ बस्छौं ? के तीन बुंदे मधेशको मागलाई सम्बोधन गर्न आधार तयार गरेको छ ? कदापी छैन । पुरानो विषयलाई नयाँ कलेवरमा ढालेको मात्रै हो र यसले सत्तासीन दल, सरकार तथा विपक्षीमाथि कुनै प्रकारको दबाब सिर्जना गर्दैन ।

यो सही हो ६ मधेशी दलहरू एकीकृत भएर बनेको राजपाको आगमनपछि मधेशको मुद्दा सबल बनेको छ । किनभने राजपाको गठन पछि ठूला दलहरूले पनि संशाधनको विषयलाई महत्व दिन थालेको छ । संविधान संशोधनमा अडकिएको राजनीतिले मधेशमा चुनावी वातावरणसमेत देखिएको छैन । दोस्रो चरणको चुनाव मुखमै आइ सक्दा पनि मधेशमा चुनावको वातावरण नबन्नु र बन्न नदिनु पछाडि ठूलो रहस्य रहेको प्रतीत हुन्छ । मधेशमा ठूला दलहरूले समेत चुनावी तयारी गर्न डराइरहेका छन् ।

यसर्थ, अब मधेशी दलहरू खासगरी राजपा र संघीय फोरमले आफ्नो मुद्दालाई बाच्य राख्न सरकारसँग सम्झौतापरस्त नभइ बुँदागत रूपमा छलफललाई केन्द्रित गरी आन्दोलनलाई एकीकृत रूपमा अगाडि बढाउनु पर्छ तर, यसको अर्थ दोस्रो चरणको निर्वाचनलाई पनि अवसरको रूपमा सदुपयोग गर्नु पर्छ ।

## साताको सात बात



देउवाजीले एमालेसाग परामर्श गरेर चल्नुपर्छ, दोस्रो चरणको चुनावअघि नै सर्वस्वीकार्यताको नाममा संविधान संशोधन प्रक्रिया अघि बढाउने, स्थानीय तहको संख्या थप्न खाजे हामीलाई मान्य हुदैन । – **माधवकुमार नेपाल (वरिष्ठ नेता, नेकपा एमाले)**



संवैधानिक परिषद्को बैठकले निर्वाचन आयोगका पदाधिकारी सिफारिस गर्ने क्रममा अख्तियार आयुक्त दीप बस्न्यातलाई पनि प्रमुख आयुक्त बनाइदिउ भनेर प्रचण्डले भन्नुभयो । मैले भनें, अदालतमा मुद्दा छ । – **सुशीला कार्की (निवर्तमान प्रधानन्यायाधीश)**



बूढीगण्डकी जलविद्युत् आयोजना विकाससम्बन्धी सरकारले गरेको निर्णय गलत मनसायले अगाडि बढाएको छ । बिनाप्रतिस्पर्धा चिनियाा कम्पनीलाई बूढीगण्डकी आयोजना दिनु हुादैनथ्यो । **डा. बाबुराम भट्टराई (संयोजक, नयाा शक्ति पार्टी नेपाल)**



अब चुनाव हुन्छ, हुन्छ, कोही पार्टीले चुनावमा जान्नभन्दा पनि अब चुनाव रोकिँदैन । उपेन्द्र यादवको पार्टी नजाँदा पनि चुनाव हुन्छ, महन्थ ठाकुरको पार्टी नजाँदा पनि चुनाव हुन्छ । किनकी जनताले चुनाव चाहेका छन् । – **उपेन्द्र यादव (अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल)**



गृहमन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागलाई राजनीतिक उद्देश्यका लागि चलखेल गर्ने, सरकारको नीति र योजना कार्यान्वयनमा भेदभाव गर्ने र अनुशासन तोड्ने कार्यमा कसैलाई छुट दिइने छैन । – **जनार्दन शर्मा (गृहमन्त्री)**



कांग्रेस, एमाले र माओवादीले तीन तहकै निर्वाचनको तिथि थप्ने तयारीमा हुनुहुन्छ । मैले यही सुनेको छु । उहाँले एक वर्ष म्याद थप्नुहुन्छ । हेर्दै जानुस् संविधान संशोधन गर्ने बेलासम्म एमाले लत्रिएर आउँछ । – **हृदयेश त्रिपाठी (नेता, राजपा नेपाल)**



तीनवटै तहको निर्वाचन सम्पन्न नभएसम्म माओवादी केन्द्रसँगको सत्ता गठबन्धन टुट्दैन । परिवर्तनलाई संस्थागत गर्न पनि कांग्रेस र माओवादी केन्द्रबीच गठबन्धन गर्नु परेको हो । – **विमलेन्द्र निधि (नेता, नेपाली कांग्रेस)**

*प्रस्तुती : संगीता रेग्मी*

# मिथिलाको अर्थतन्त्र



डा. सुरेन्द्र लाभ

> मिथिलाको संस्कृतिको सूक्ष्म ब्याख्या गर्ने हो भने प्रत्येक पर्व तिहार कुनै न कुनै रूपमा कृषिसँग जोडिन जान्छ । तर यति महत्वपूर्ण क्षेत्र हुँदा पनि यहाँ किसानको हाल बेहाल छ ।

जीवनका विभिन्न पाटाहरू मध्ये आर्थिक पाटाले वर्तमान युगमा अति महत्वपूर्ण स्थान राख्ने गरेको तथ्य प्रति कसैको विमति हुन सक्दैन । आर्थिक रूपले सबल स्थानहरू नै विकासको बाटोमा हिंडने गर्छन् । यो आलेख वस्तुत: मधेशको आर्थिक विषयमा केन्द्रित भएपनि यहाँ मिथिला शब्दको प्रयोग जानी जानी गरिएको छ । किनभने मिथिला शब्दको आफनै सुदृढ इतिहास छ । यहाँको संस्कृतिमा पनि यो शब्द जिवितै छ ।

हुन सक्छ भविष्यमा पनि यस दुई नम्बर प्रदेशको नामाकरण मिथिला नै हुने भएपछि यसको गरिमा थप बढ्ने छ ।

भनिन्छ राजा दशरथ आफ्नो पुत्र रामको वरियाती लिएर जनकपुर प्रवेश गरे र एउटा विशाल घरको अगाडी सबै वरियातीलाई रोके । घरको सम्पन्नता देखेर उनलाई राजा जनकको दरबार यहि नै हुनुपर्छ भन्ने मनमा जिज्ञासा जाग्यो तर शोधपुछ गर्दा त्यो त एउटा डोमको घर पो रहेछ । त्यति बेलाको मिथिला यति सम्पन्न थियो भने तथ्य यसबाट प्रमाणित हुन्छ । तर आजकै मिथिला अर्थात संविधानत: दुई नम्बर प्रदेश अति पछौटेपनको शिकार हुन पुगेको छ । सरकारी तथ्याङ्क अनुसार मानव विकास सूचाकाङ्कको आधारमा दई नम्बर प्रदेशका जिल्लाहरू कतिपय दुर्गम पहाडी जिल्लाहरू भन्दा पनि तल आइसकेको स्थिति छ । तसर्थ मिथिलाको अर्थतन्त्रको स्थिति र यसलाई माथि उकास्ने विषयमा गम्भीर चिन्तन र प्रयासको आवश्यकता छ ।

**कृषि प्रणाली:**

कृषि मिथिलाको मात्रै नभइ नेपालकै जीविकोपार्जनको मूल आधार हो । अर्थतन्त्रसँग मात्र नभइ यस क्षेत्रमा कृषि धर्म र संस्कृतिसँग पनि जोडिएको छ । सीताको जन्म पनि कृषि प्रणालीसँग सम्बन्धित छ ।

मिथिलाको संस्कृतिको सूक्ष्म ब्याख्या गर्ने हो भने प्रत्येक पर्व तिहार कुनै न कुनै रूपमा कृषिसँग जोडिन जान्छ । तर यति महत्वपूर्ण क्षेत्र हुँदा पनि यहाँ किसानको हाल बेहाल छ । कृषिमा उत्पादकत्व घट्दो छ । सिंचाईको भरपर्दो व्यवस्था छैन । मल खादको समुचित व्यवस्था छैन । कृषि उपजको लागि बजार छैन । किसानको लागि कृषि जीवन निर्वाहमुखि छ ।

केही बर्ष पूर्व सम्म मधेशका आठवटा जिल्ला खाध्यान्न निर्यात गर्ने जिल्लाहरू मध्ये पर्थे भने आज खाध्यान्न उत्पादनमा न्यून जिल्लाहरूमा दर्जिएका छन ।

तर धेरै निराश हुनुपर्ने आवश्यकता छैन । केही उपायहरू अपनाएर यसमा सुधार गर्न सकिन्छ । जस्तो कोशी, कमला, बागमती जस्ता ठूल्ठूला नदीहरूलाई जोडेर सिंचाईको राम्रो प्रवन्ध मिलाउन सकिन्छ । यसबाट बाढी र सुक्खा दुवै समस्याको समाधान हुन सक्छ । साथै एउटै बाली धानको उत्पादनमा सीमित हुन गएको किसान बहुबालीमा सजिलै जान सक्छन । मधेशका आठवटा जिल्लामा खाध्यान्न बालीका अतिरिक्त तरकारी, टमाटर, तरबूज, आँप, ताडी जस्ता उत्पादनहरूलाई बढावा दिएर राष्टिय बजार कब्जा गर्न सकिन्छ । स्मरणीय के छ भने हाल तरकारी, टमाटर, आँप जस्ता उत्पादनले केही हदसम्म बजार लिएको पाइन्छ, तर तरबूज, ताडी जस्ता उत्पादनको ठूलो सम्भावना छ । कोकाकोला, पेप्सीकोला, फेन्टा, वीयर जस्ता बस्तुहरूलाई यिनीहरूले सजिलै विस्थापित गर्न सक्छ ।

त्यसैले आठवटै जिल्ला अर्थात मिथिलालाई अर्गेनिक जोनको रूपमा विकसित गर्ने प्रचूर सम्भावना छ । आजकल विश्व बजारमा अर्गेनिक उत्पादनको धेरै माग रहेको अवस्थामा त्यसको आपूर्ति मिथिलले गर्न सक्छ । यस अवसरलाई छोप्नु पर्दछ । विषादिको प्रवेशलाई पूर्णत: बन्देज लगाई अर्गेनिक कृषि प्रणालीलाई विस्तार र विकास गर्नु पर्दछ ।

**उद्योगधन्दा:**

रोजगारी दिने सबभन्दा ठूलो क्षेत्र उद्योगधन्दा नै हो । तर यहाँ परम्परागत घरेलु हस्तकलाका उद्योगधन्दाहरू धराशायी हुँदै गएको छ । आधुनिक उद्योग धन्दा विकासको लागि राजविराजमा औधोगिक क्षेत्र भएपनि खण्डहर भएर बसेको छ । सरकारी लगानीमा स्थापित जनकपुर चुरोट कारखाना, विरगंज चीनी कारखाना जस्ता उद्योग धन्दा बन्द भएको छ । हाल नीजि क्षेत्रबाट स्थापित उद्योग धन्दाहरू बारा र पर्सा जिल्लामा केन्द्रित छ ।

यसमा पनि कतिपय उद्योगको अवस्था उत्साहहीन छ । तसर्थ यस प्रकारको परिस्थितिले यस प्रदेशमा बेरोजगारीको गम्भीर समस्या उत्पन्न गरेको छ । साथै यस क्षेत्रको आर्थिक समृद्धिमा पनि ग्रहण लागेको छ ।

तर सुधार गर्न सकिन्छ । जस्तै यी आठवटै जिल्ला समथर भू-भाग भएको र भारतको सीमानासँग जोडिएकाले कच्चा मालको आयात गर्न र तयारी मालको निर्यात गर्न सजिलो छ ।

हुलाकी मार्ग निमार्णधीन रहेको र विजुलीको समस्या न्यून हुँदै गएकोले पनि यस क्षेत्रमा उद्योग धन्दा फस्टाउने सम्भावना छ ।

भारतीय सीमानाबाट विभिन्न जिल्लामा रेलको बडी लाइन आउने स्थितिले पनि उत्साहको अवस्था देखिन्छ ।

**पर्यटन क्षेत्र:**

मिथिला क्षेत्रमा पर्यटनको पनि राम्रो सम्भावना छ । खासगरेर आर्थिक र सांस्कृतिक पर्यटनको लागि यो क्षेत्र अति महत्वपूर्ण छ । सप्तरीको सखडा, छिन्नमस्ता भगवती, सिराहाको सल्हेश, फुलवारी, जनकपुरको जानकी मन्दिर लगायत मठमन्दिर र तलाउहरू, जलेश्वरको जलेश्वर महादेव, सर्लाहीको ठूलो ताल, बाराको सिम्रौनगढ र भगवती मन्दिर जस्ता अनेकानेक स्थलहरू पर्यटकीय दृष्टिकोणले प्रचूर सम्भावना बोकको धामिर्क र ऐतिहासिक स्थलहरू हुन । यी स्थानहरूमा भारत र नेपालकै विभिन्न स्थानहरूबाट सजिलै आवत-जावत गर्न सकिन्छ । साथै यी सबै जिल्लाहरू पहाडको रमणीय क्षेत्रसँग पनि जोडिएको हुनाले पर्यटकको बसाई अवधि लम्बाउन सकिन्छ ।

तर वर्तमानमा हेर्दा कुनै ठाउँको अवस्था सन्तोषप्रद छैन । यसकालगि केही पाइला चाल्न सकिन्छ । जस्तो यी स्थलहरूको सरसफाईमा ध्यान दिएर व्यापक प्रचार प्रसारमार्फत आन्तरिक र बाह्य पर्यटक भित्राउन सकिन्छ ।

साथै, मिथिला क्षेत्रको पहिचान झल्किने उपहार सामग्रीको निर्माण, मिथिलाको संस्कृति, कृषि र उद्योगलाई पर्यटनसँग जोड्न यहाँ उत्पादित हुने माछा, मखान, ताडी, तरबूज, आँप जस्ता उत्पादनलाई विस्तार गरेर पनि पर्यटकलाई लोभ्याउन सकिन्छ ।

आर्थिक विकासका लागि सबभन्दा ठूलो साधन भनेको मानव साधन हो । विकासको जुन मोडेलले मानवको क्षमताको पूर्ण उपयोग गर्दैन, त्यस्तो मोडेल कहिले पनि उपयुक्त हुन सक्दैन ।

२०६८ को जनगणना अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ मध्ये मिथिला क्षेत्रमा ५४,०४,१४५ जनसंख्या बसोबास गर्दछन् । मिथिला क्षेत्रको कुल जनसंख्या मध्ये काम गर्ने उमेर समूह अर्थात १५ देखी ५९ बर्ष सम्मका कुल २९,१४,७९२ पर्दछन् । यसबाट के स्पष्ट हुन्छ भने यस क्षेत्रमा आर्थिक रूपमा सक्रिय हुन सक्ने जमात आधी भन्दा बढी रहेको छ । जनशक्तिमा यो क्षेत्र समृद्ध छ । तर स्वास्थ्य र शिक्षामा अत्यधिक पछौटेपन रहेकाले मानव संशाधनको समुचित उत्पादन गर्न सकिएको छैन । अर्को तिर बैदेशिक रोजगारीमा यस क्षेत्रबाट अत्यधिक मात्रामा युवाहरू गईरहेका छन् । धनुषा जिल्ला सम्पूर्ण देशमै यस दृष्टिकोणबाट अगाडि रहेको छ । यस प्रदेशको समुचित आर्थिक विकासक लागि मानव साधनको समुचित व्यवस्थापन आवश्यक देखिन्छ । विप्रेषणबाट प्राप्त आयलाई स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्योगमा लगाइने व्यवस्था गर्न आवश्यक छ । यसबाट महिलाहरूको रोजगारी बढ्नुका साथै आयमा विस्तार हुनेछ । यस क्षेत्रमा स्वरोजगारसँग जोडेर पाठ्यक्रमको निर्माण आवश्यक छ । यस्तै स्वास्थ्य सेवालाई ग्रामीण क्षेत्रमा विस्तार गरिनु पर्दछ ।

यी सबै प्रयासहरूका लागि तदनुरूपको आर्थिक नीति आवश्यक छ । आर्थिक नीतिलाई व्यवहारमा उतार्न त्यो भन्दा पनि जरूरी छ । किनभने सम्पूर्ण देशमै सुशासनको अवस्था अति दुर्बल छ । शान्ति सुरक्षा कमजोर छ । आम जनताको मनोबल क्षीण छ । तर पनि यस क्षेत्रको आर्थिक समृद्धि गर्नुछ भने यी सबै बाधा अवरोधलाई पार गर्नै पर्छ ।

# माग सम्बोधन नभए चुनाव नहुने चेतावनी



राकेश यादव, रौतहट । राष्ट्रिय जनता पार्टी नेपालका कार्यकर्ताहरूले रौतहटमा २ घण्टा यातायात अवरूद्ध गरी विरोध प्रदर्शन गरेका छन् । संविधान संशोधन प्रस्ताव पारित, झूठा मुद्दा फिर्ता तथा जनसँख्याको आधारमा स्थानीय तहको संख्या निर्धारण गर्नुपर्ने माग राख्दै आन्दोलनको घोषणा गरेका संघीय गठबन्धनले सार्वजनिक गरेका पूर्व घोषित कार्यक्रम अन्तर्गत राजपा नेपालका नेता कार्यकर्ताहरूले गौर चन्द्रनिगाहपुर सड़कखण्ड लगायत विभिन्न सड़कमा यातायात अवरूद्ध गरी प्रदर्शन गरेको हो ।

आन्दोलनकारीहरूले दिउँसो १ बजेदेखि ३ बजेसम्म चक्काजाम गरेका थिए । चक्काजामको कारण सवारी साधन अलपत्रमा परेको थियो । मधेशी क्रान्ति चौकमा आयोजित विरोधको कार्यक्रम सम्बोधन गर्दै राजपाको केन्द्रीय सदस्य कमलेश सिंहले राज्यले पटक पटक सहमति गरेर धोका दिँदै आएको आरोप लगाएका छन् । उनले भने शीर्ष दलका शीर्ष नेताहरूले सहमति गर्छन् तर कार्यान्वयन गर्दैनन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारसँग भएको तीनबुँदे सहमति कार्यान्वयन हुने की नहुने आशंकाको विषय रहेको टिपण्णी गरे । नेता सिंहले मधेश र मधेशीको अधिकारका लागि भएको संघर्षमा शहादत दिनु भएका वीर शहीदको सपना सरकार नहुन्जेलसम्म चुनावमा सहभागी हुन शहीदको अपमान हुने बताए । माग सम्बोधन नभए मधेशमा कुनै निर्वाचन नहुने अर्का केन्द्रीय सदस्य रामेश्वर यादवले दावी गरेका छन् । अधिकार विनाको चुनाव स्वीकार्य नहुने उनको तर्क रहेको छ ।

# अधिवक्ता सिंहको अनुरोधपछि विभेदकारी विज्ञापन बन्द

काठमाडौं । अधिवक्ता सुनिरन्जन सिंहले मैथिली समुदाय र भाषालाई होच्याउने विज्ञापन तुरून्त बन्द गर्न निर्वाचन आयोगलाई आग्रह गरेका थिए । आग्रह गरेको केही घन्टापछि नै आयोगले सो विज्ञापनलाई हटाएको छ । आसन्न दोस्रो चरणको स्थानीय तहको निर्वाचनलाई लक्षित गरी निर्वाचन आयोगले मैथिली भाषामा तयार पारेको विज्ञापन सामाजिक सञ्जाल तथा विभिन्न सञ्चार माध्यमहरूमा प्रसारण भएको थियो । धुर्मुस-सुन्तलीको प्रस्तुती रहेको विज्ञापनमा मैथिली भाषा र समुदायलाई नै होच्याउने पाराले सुन्तलीको मुखमा कालो सामग्री दलिएको र मैथिली भाषालाई तोडमरोड गरी प्रसारित गरिएको आरोप अधिवक्ता सिंहको छ ।

# राजपाद्वारा नेपालगन्जमा प्रदर्शन

नेपालगञ्ज । तीनबुँदे सम्झौता गरी प्रधानमन्त्री निर्वाचनमा सघाएको राष्ट्रिय जनता पार्टी (राजपा) ले नेपालगन्जमा प्रदर्शन गर्दै मधेससँगका सम्झौता अविलम्ब कार्यान्वयनको माग गरेको छ । उसले मधेस समस्या सम्बोधनका लागि सरकारले सम्झौता गरी झुक्याउने गरेको भन्दै दबाबका लागि विरोध कार्यक्रम राखेको जनाएको हो । 'सम्झौता भएका कुनै पनि बुँदालाई सरकारले कार्यान्वयन गरेन । निर्वाचनमा सहभागी गराउने नाममा सम्झौता अझै थपिँदै छन,' राजपा केन्द्रीय उपाध्यक्ष वरिष्ठ अधिवक्ता विजय गुप्ताले भने । नेपालगन्जको त्रिभुवन चोकबाट सुरू भएको विरोध प्रदर्शन नेपालगन्जका विभिन्न टोलमा परिक्रमा गरेका थिए । छाता अंकित झन्डासहित संविधान संशोधनपछि निर्वाचन नारा लगाउँदै प्रदर्शन गरिएपछि अन्योलताको सन्देश दिएको छ ।

# यिनीहरू अवसरका लागि मधेशवादी भएका छन्



**खुशीलाल मण्डल**
**वरिष्ठ राजनीतिज्ञ**

त्यही फोरम नेपालले भन्थ्यो कि स्थानीय निकाय प्रदेशको मार्फत जानु पर्छ । अहिले भन्छ मुद्दा त हामीले छोडेका छौंनौं तर संविधान कार्यान्वयनका लागि सहयोग गरिरहेका छौं । संवैधानिक व्यस्थालाई स्वीकार गरिसकेका छन् । यसको परिणाम मधेशमा परेको छ । मधेशीको आत्मबललाई डगमगाएको छ ।

**० एकातर्फ चुनाव हुन लागेको छ भने अर्को तर्फ संविधान संशोधन बिनाको चुनाव मधेशी दल नजाने भनेर भनिरहेको छ, यो सन्दर्भलाई तपाईले कुन रूपमा विश्लेषण गर्नु हुन्छ ?**

– मलाई लाग्दैन कि संविधान संशोधन हुन्छ । मलाई सुरूदेखि नै संसद्बाट संविधान संशोधन गर्छ भनेर अलिकति पनि विश्वास छैन । किनभने संसद्को जो अवस्था छ त्यसबाट कहिल्यै पनि संशोधन हुन सक्दैन । कुरा रह्यो मधेशवादी दलको त त्यो संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले भने संविधान संशोधन होइन पुर्नलेखन चाहियो । आजै उनैले भन्दैछ कि संविधान कार्यान्वयनमा प्राप्त उपलब्धीलाई रक्षा गर्नका लागि हामी चुनावमा गइरहेका छौं । असोज ३ गते संविधानमा समर्थन गरिदिएको भए किन यत्रो आन्दोलन गर्नु पर्थ्यो । किन ६ महिना मधेश बन्द भयो, किन यति जना शहीद भयो । यो के हो भने राजनीतिक बेइमानी हो । उहाँले आफूलाई मधेशको मसिहा भन्नुहुन्थ्यो र अब अरूले के गर्छ त्यो केही दिनमा प्रष्ट भइहाल्छ ।

**० भनेपछि, फोरम नेपालले जसरी निर्णय लियो कि चुनावबाट पनि आफ्नो मुद्दा स्थापित गर्न सकिन्छ, त्यो उहाँको निर्णय गलत थियो भन्न सकिन्छ ?**

– एकदमै गलत निर्णय हो उहाँको । फोरम नेपालले पहाडमा एउटा मात्रै सिट जितेको छ । र, यता मधेशमा दुई-चार ओटा नगरपालिका र ८-१० ओटा गाँउपालिका जितेर के गर्न सकिन्छ । उहाँले मधेशी जनताको आत्मबल तोडि दिएका छन् । जसको बच्चा आन्दोलनमा सहादत दियो त्यो शहिद परिवारलाई के भइरहेको होला । एउटा सप्तरीमा मात्रै एक दर्जन सपूतको हत्या भइसकेको छ, ती परिवारहरू शोकमा छन् । कोही निपुत्र भयो, कसैको सिन्दुर मेटिसक्यो । जब यस्तै गर्नु पर्ने थियो भने त्यतिबेला किन त्यत्रो हंगामा गरियो ।

**० तर, फोरम नेपालले भनिरहेको छ कि हामीले मुद्दा छोडेका छैनौं भनेर ?**

– मुदालाई त काँग्रेसले पनि भन्छ कि हामीले संविधान संशोधन गराउछौं । माओवादीले पनि भन्छ कि हामी त अहिले पनि जनवादकै पक्षमा छौं । यहाँ भनाई र गराईको कुरा छ । उहाँको भनाई त जे पनि हुन्छ तर उहाँको गराई के छ । म एउटै प्रश्न गर्छु फोरम नेपालसँग, यदि यस्तै गर्नु पर्ने थियो भने संविधान जारी भएकै दिन समर्थन गरिदिएको भए हुन्थ्यो नि । किन यति धेरैले सहादत दिनु पर्‍यो । अहिले आएर आफ्नो स्वार्थका लागि चुनावमा जाने । मधेश मुदालाई छोडि दिने ।

**० तर उपेन्द्र यादवले भनिरहनु भएको छ कि ११ बुँदे माग त हामीले छोडेका छैनौं, अनि हामी कसरी मधेश विरोधी भयौं त ?**

– उहाँले मुद्दा छोडेको छैन भने प्राप्त के गरेको छ । ०६३ को उपलब्धी त गुमिसक्यो । अब दोस्रो र तेस्रो मधेश आन्दोलनको पछि प्रचण्डले के भन्दै थियो कि हामीले संविधान संशोधन गराउन चाहिरहेका थियौं तर राप्रपाका केही सांसदले धोका दियो । अब राप्रपा माथी कसरी विश्वास गर्ने । जो अहिले पनि गणतन्त्र विरोधी छ, संघीयता विरोधी छ, धर्मनिरपेक्षता विरोधी छ त्यो मान्छे माथी भर पर्नुको के कारण छ । त्यो भन्नलाई मुद्दा छोडिया छैन् भन्छ ।

**० फोरम नेपाल चुनावमा गएपछि मधेश मुद्दालाई सम्बोधन गराउनका लागि जुन दबाब पर्‍थ्यो त्यो दबाबमा कमी आएको हो ?**

– बिल्कुलै कमी भएको हो । त्यो त यु-टर्न गरेको हो । त्यही फोरम नेपालले भन्थ्यो कि स्थानीय निकाय प्रदेशको मार्फत जानु पर्छ । अहिले भन्छ मुद्दा त हामीले छोडेका छौंनौं तर संविधान कार्यान्वयनका लागि सहयोग गरिरहेका छौं । संवैधानिक व्यस्थालाई स्वीकार गरिसकेका छन् । यसको परिणाम मधेशमा परेको छ । मधेशीको आत्मबललाई डगमगाएको छ ।

**० २० वर्षपछि बल्ल तल्ल स्थानिय तहको चुनाव हुन लागेको छ आधामा भइसकेको छ अब आधामा बाँकी छ यसलाई सदुपयोग गरौं न पछि त फेरी हामी संघर्ष गर्छौ नि, २० वर्षको उपलब्धीलाई पहिला सदुपयोग गरौं नि भनेर फोरमले भनिरहेको छ ?**

– त्यही त २० वर्षको उपलब्धी के हो ? किन अस्तीसम्म भन्दै थियो कि संघीयतालाई मजबुत गर्नको लागि स्थानीय निकायको चुनाव प्रदेश मातहतमा आउनु पर्छ । अब केन्द्रको मातहतमा भइरहेको स्थानीय निकायको चुनावमा सहभागी भएर स्वीकार गरिसकेको कुरा स्पष्ट भइसकेको छ । जो-जो स्थानीय निकायको चुनावमा भाग लिन्छ त्यो संवैधानिक व्यवस्थालाई स्वीकारेर गएको मान्न सकिन्छ । ३० वर्षसम्म नेपाली काँग्रेसले स्थानीय निकाय मात्रै हैन राष्ट्रिय र जिल्ला निकायको चुनाव पनि बहिष्कार गरेका थिए । त्यो किन गरेको थियो भने त्यसमा उम्मेदवार बन्नको लागि एउटा फारम भर्नु पर्ने हुन्थ्यो । त्यसमा के लेखेको थियो भने निर्दलता प्रति हामी प्रतिबद्ध रहने छौं । त्यो निर्दलीयता शब्दको कारण नेपाली काँग्रेसले चुनावमा भाग लिएन । अहिले यिनीहरूले स्वीकार गरिसकेका छन् ।

**० फोरम नेपाल चुनावमा जाँदा राजपा नेपालका नेताहरूले आपत्ति जनाउँदै आएका थिए, तर पछिल्लो समयमा राजपा पनि अन्योलताको अवस्थामा छ कि के गर्ने नगर्ने भन्ने विषयमा । अहिले पनि चुनावमा जाने वा नजाने विषयमा निर्णय लिन सकेको छैन यसलाई तपाईले कुन रूपमा लिनु भएको छ ?**

– वि.सं. २०४६ सालको आन्दोलनपछि कांग्रेसमा बाढी आयो र त्यो बाढीमा आएको काँग्रेसीलाई हामीले चैते काँग्रेसीको नाम दियौं । त्यसरी नै मधेश आन्दोलनमा पनि बाढी आयो जो कहिल्यै मधेशको नाम सुन्न चाहदैन्थ्यो त्यो महान मधेशवादी भइहाले । त्यो पनि उसैको परिणाम हो । अब यो क्लियर भइसकेको छ । आज प्रमाणित भइसकेको छ कि यिनीहरू अवसरका लागि मधेशवादी भएका थिए ।

**० अब राजपा नेपाललाई फोरम नेपालको बाटोमा जाने सम्भावना कति को छ ?**

– मेरो बुझाईमा केही जान सक्छ भने केही नजान पनि सक्छ । किनभने ६ वटा दलहरू फरक-फरक विचारधाराबाट र फरक स्कुलिङ्गबाट आएका दलहरू हो । यसले गर्दा निर्णय लिनमा बडा गाह्रो भइरहेको छ । धोकाधडीको एउटा स्टेज यो पनि हो कि ‘बहती गंगा मे हात धुनु’ जस्तै राजपाका केही नेताहरूले त्यस्तै गरेको त हो नि । त्यसैले, को चुनाव जान्छ र को जाँदैन भन्ने कुरा भन्न सकिँदैन । कुनै व्यक्ति वा दल मुद्दाबाट विचलित भयो भने त्यो मुद्दा मर्दैन ।

**० राजपा नेपालले स्थानीय तहको एजेण्डालाई सार्थक मानेको छ र संविधान संशोधनलाई जरूरी ठानेको छ भने अब तपाईको विश्लेषणमा राजपाले कसलाई प्राथमिकता दिँदा हुन्थ्यो ?**

– असार १४ गते स्थानीय तहको निर्वाचन गराउन ओली सरकारले निर्णय गरियो । अर्को निर्णय असोज ३ गते संविधान दिवस मनाउने भन्यो । कार्तिक २३ गते बैसाख ११ गते र पृथ्वी जयन्तीमा बिदा दिने कुरा भयो त्यो बेला म पत्रकार सम्मेलन गरेर भनेका थिए कि स्थानीय तहको चुनावले द्वन्द्व गराउँछ । यसकारणले संविधान संशोधन गरेर पहिले प्रदेश र संघको चुनाव गराउनु पर्छ । त्यसपछि स्थानीय निकायको चुनाव गराउनु पर्छ । स्थानीय निकाय सम्बन्धित प्रदेश मातहत आउनु पर्छ त्यो मानेन् आज प्रमाणित भइसक्यो नि त्यो कुरा । देश बन्धकमा फसिसकेको छ । २०४८ को चुनाव पछि एमालेले ५१ दिन संसद अवरूद्ध गरेका थिए ।

**० अन्त्यमा भन्नु पर्दा मुलुकको निकास के हो ?**

– अब यो देशमा कुनै दिन ठूलो आन्दोलन हुन्छ र भुलभुलैयाको राजनीति समाप्त हुन्छ । अब विस्तारै मधेशको स्थापित नेताहरू छन् तिनीहरूको हातबाट विस्तारै राजनीति खुस्किदैं जान्छ र नयाँ नेतृत्व पैदा हुन्छ र त्यसले देशलाई कुन दिशामा लैजान्छ त्यो अहिले भन्न सकिँदैन ।

# मधेशकेन्द्रित दलले फेस सेभिङका लागि समझदारी गर्दै आएका छन्

समझदारीको कागजले अनुहार छोपेर अघि बढ्दा राज्यले टेर्छ त ? यस्तो अवस्थामा राज्यले तपाईंको शक्तिलाई कसरी सम्मान दिन्छ ? तपाईंको शक्तिलाई राज्यले कसरी अनुमोदन गर्छ ? अहिले विकराल अवस्था भोग्दैछौं । एकातर्फ राज्यले हाम्रा मागहरूलाई एक-दुई-तीन गरेर अस्वीकार गरिसकेको छ । मधेशकेन्द्रित दलहरू पनि ती मागहरूलाई छाडेर तपसिलका विषयहरूलाई समातेर अघि बढेको देखिन्छ ।



**जयप्रकाशप्रसाद गुप्ता**
**संयोजक, तराई मधेश राष्ट्रिय अभियान**

**० नेपाली कांग्रेस र माओवादीसँग मधेशकेन्द्रित दलले फेरि पनि तीनबुँदे सहमति गरेर सरकारलाई समर्थन गरेको छ । यसलाई तपाईं कुन रूपमा लिनुभएको छ ?**

– विगतमा नेपाली कांग्रेस र माओवादीसँग मधेशकेन्द्रित दलहरूले कैयौं पटक समझदारी गरेका छन् । संविधान जारी भइसकेपछि सुशील कोइराला प्रधानमन्त्री रहेका बेला पनि यस्तै किसिमको समझदारी भएको थियो । तर, हामीले के पाएका छौं भने कुनै पनि समझदारीको पालना भएको छैन । अहिलेको समझदारी पनि विगतकै समझदारीको निरन्तरता हो । यसको पालना हुने कुनै सम्भावना देखिँदैन । यसको मुख्य कारण के छ भने संविधानमा के-के संशोधन गर्ने भन्ने कुराको नेपाली कांग्रेस र माओवादीले बटललाइन बनाइसकेका छन् । उनीहरूको मतअनुसार संविधानमा जति संशोधन गर्नुपर्ने हो, त्यो भइसकेको छ । यस्तो अवस्थामा मधेशकेन्द्रित दलहरूले जुन रूपमा भावी कार्यनीति बनाउनुपर्ने थियो, त्यो बनाएनन् । मधेशकेन्द्रित दलले आफ्नो फेस सेभिङका लागि पटक-पटक समझदारी गर्दै आएका छन् । त्यसकारण आउने दिनमा यस्ता समझदारीबाट ठोस परिवर्तन आउने सम्भावना छैन । अर्को कुरा, संविधान संशोधनबाट मधेशका सवालहरूको समाधान निस्किने स्थिति पनि म देख्दिनँ ।

**० भनेपछि यसपटकको सहमतिबाट पनि विगतमा जस्तै न्यून मात्रा केही कुरा सम्बोधन होलान् । तर, मुख्य मुद्दा संविधान संशोधनलगायतको सम्बोधन हुने सम्भावना छैन ?**

– पहिलो कुरा त, हामीले यो विचार गरौं कि पछिल्लो समयमा मधेशकेन्द्रित पार्टीहरूले के-के विषयका समाधान चाहेका छन् । ती विषयहरू मधेशलाई अधिकार सम्पन्न गराउने प्रकारका विषयहरू छन कि छैनन् । ती एजेण्डासँग सम्बन्धित विषयहरू छन् कि तपसिलका विषयहरू छन् । यी कुरामा विचार गर्नु जरूरी छ । पछिल्लो एक-डेढ महिनादेखि राजपा र फोरम नेपालले जनसंख्याका आधारमा स्थानीय तह निर्धारण गर्नुपर्ने विषयलाई प्रमुख बनाएका छन् । त्यस्तै, मधेश आन्दोलनका शहीदहरूलाई राज्यले सम्मान दिएर घोषणा गर्नुपर्ने, घाइतेहरूको औषधी उपचार, क्षतिपूर्ति, राजपालाई छाता चुनाव चिह्न दिनुपर्नेलगायत माग उठाइएको छ । यी मध्ये कुनै पनि माग मधेश आन्दोलनका आधारभूत माग होइनन् । जसले गर्दा राज्यको पुनर्संरचना हुन सकोस्, न्याय व्यवस्थाको रूपान्तरण हुन सकोस्, समानुपातिक समावेशी शासन व्यवस्थाको सुरूवात हुन सकोस् र एक मधेश प्रदेश अथवा मधेशमा दुई प्रदेशको निर्माण हुन सकोस् । यस्ता खालका कुनै पनि आधारभूत मागहरूलाई मधेशकेन्द्रित दलले पछिल्लो समय उठाएको देखिँदैन ।

**० त्यसो भए, मधेशकेन्द्रित दलहरू चुनावमा जान वा त्यससँग सम्बन्धित विषयलाई मात्र पछिल्लो समय प्रमुख मुद्दा बनाएका हुन् ?**

– म आलोचनाका लागि आलोचना गरेको छैन । म फोरम नेपाल, नेपाल लोकतान्त्रिक फोरम, राजपालगायत सबै मधेशकेन्द्रित दललाई शुभकामना दिँदै आएको छु । म उहाँहरूलाई भन्दै आएको छु कि तपाईंहरूको काँधमा गम्भीर जिम्मेवारी छ । मधेशी मात्र होइन जनजाति, दलित, थारूलगायत उत्पीडिनमा परेका हरेक समुदायका माग सम्बोधन गराउने भिारा मधेशकेन्द्रित दलकै काँधमा आएको छ । तसर्थ म उहाँहरूलाई सुरूदेखि नै शुभकामना दिँदै आएको छु । तर, अहिले आएर उहाँहरूका माग मधेशमा एउटा वा दुई वटा प्रदेश बनोस्, त्योसँग केन्द्रित छ ? केन्द्रीय विधायिकामा मधेशलाई चाहिने जति सिट सुनिश्चित हुने विषय उठान गरेका छन् ? मधेशीको जनसंख्याका आधारमा राष्ट्रिय सभामा सिट बढाउने विषयसँग सम्बन्धित छ ? मधेशका भाषाहरू सरकारी कामकाजका भाषाका रूपमा मान्यता पाउनेसँग सम्बन्धित छ ? केन्द्र र प्रदेशको अधिकार विभाजनको विषयमा मधेशलाई समान अधिकार दिने विषय अहिलेको एजेण्डा छ ? न्यायपालिकाको आमूल रूपान्तरणसँग सम्बन्धित छ ? हो, यी विषयहरू मधेशका आधारभूत माग हुन् । तर, पछिल्लो समय मधेशकेन्द्रित दलहरूले यी सबै मागलाई परित्याग गरिसकेका छन् । पछिल्लो समयमा गाउँपालिका र नगरपालिकाको संख्या बढ्नुपर्ने माग मधेशकेन्द्रित दलले उठाइरहेका छन् । शहीद घोषणाका कुरा उठाएका हुन् । घाइतेलाई उपचारको व्यवस्था गर्नुपर्ने माग उठाएका हुन् । त्यस्तै, नयाँ शक्ति नेपालले चुनाव चिह्न पाउनुपर्ने माग फोरम नेपालले उठाएको छ । राजपाले आफूले छाता चुनाव चिह्न पाउनुपर्ने माग उठाएको छ ।

**० मधेशकेन्द्रित दलहरूले मधेश आन्दोलनका आधारभूत कुनै पनि माग नछाडेको बताइरहेका छन् नि ?**

– खसीको टाउको राखेर कुकुरको मासु बेच्न पाइँदैन । मधेशकेन्द्रित दलले यो भनाइलाई चरितार्थ गर्दैछन् । मधेशकेन्द्रित दलले आधारभूत मागहरूलाई थाँती राखेर तपसिलका कुराहरूमा मात्र केन्द्रित हुनु, चुनावमा कसरी भाग लिने, सत्तामा कसरी पुग्ने, प्रधानमन्त्रीलाई कसरी मतदान गर्नेलगायतका कामको बाटो खोजियो । आधारभूत माग पूरा गराउन ठूलो नैतिक शक्तिका साथ मधेशकेन्द्रित दलहरू अगाडि आउनुपर्दथ्यो ।

**० भनेपछि मधेशकेन्द्रित दलहरूले विगतका आधारभूत मागलाई पहिलो प्राथमिकतामा राखेर संघर्ष गर्नुपर्दथ्यो ?**

– हो । शेरबहादुरजीलाई प्रधानमन्त्री बनाउनका लागि गरिएका सहमतिको विषयमा सबैले छातीमा हात राखेर भन्न सक्छन्, कि यी मधेशका आधारभूत माग हुन् । जुन राज्यसँग तपाईंले आफ्ना मागमा अडान राखेर निष्ठाको राजनीति गर्नुपर्ने थियो, त्यही राज्यलाई चलाउने सरकारको निर्माणका लागि तपाईंहरूले आफ्ना माग छाड्नु के उचित हो ? आफ्नो अनुहार लकाउनका समझदारी गरेर भोट दिँदा जनताले अन्यथा नठानोस् भन्ने सोच राखेको देखिन्छ । समझदारीको कागजले अनुहार छोपेर अघि बढ्दा राज्यले टेर्छ त ? यस्तो अवस्थामा राज्यले तपाईंको शक्तिलाई कसरी सम्मान दिन्छ ? तपाईंको शक्तिलाई राज्यले कसरी अनुमोदन गर्छ ? अहिले विकराल अवस्था भोग्दैछौं । एकातर्फ राज्यले हाम्रा मागहरूलाई एक-दुई-तीन गरेर अस्वीकार गरिसकेको छ । मधेशकेन्द्रित दलहरू पनि ती मागहरूलाई छाडेर तपसिलका विषयहरूलाई समातेर अघि बढेको देखिन्छ ।

**० फोरम नेपालले चुनाव जानु उचित्त हो भनिरहेको छ । अर्कोतर्फ राजपाले स्थानीय तहको संख्या वृद्धि र संविधान संशोधनलगायत माग पूरा नभएसम्म चुनावमा नजाने भनिरहेका छन् । यी दुवै दलका तर्क र अडान कस्तो लाग्यो ?**

– महन्थ ठाकुर र राजेन्द्र महतोले संविधान संशोधनको कुरा उठाउँदा उपेन्द्र यादवले संविधान पुनर्लेखन हुनुपर्छ भन्दै आएका थिए । ठूला कुरा गरेर मात्र हुँदैन । पछिल्लो समयमा उनीहरूले सदनको संघर्षलाई महत्व दिएका छन् । सडक संघर्ष रोकिएको छ । तर, सडक संघर्ष समाप्त हुँदैन । उनीहरूले पटक पटक भनेका छन् कि मधेशका माग सम्बोधन नभएसम्म कुनै पनि हालतमा चुनाव नजाने । अहिले आएर चुनावमा जाने केही सम्भावना बढ्यो भन्दैमा सडक, सदन र सरकार सबैबाट संघर्ष गर्ने भनेर भन्नु अनुचित्त हो । अब राजपा मात्रको कुरा गर्ने हो भने, संविधान संशोधन हुन नसकेको कारण चुनाव नजाने भनेर राजपाले भनिरहेको छ । तर, वास्तविक कुरो के छ भने, ६ वटा पार्टी मिलेर राजपा बन्यो । राजपाले दल दर्ताका साथै अन्य प्रक्रिया पूरा गराउनुपर्नेछ । तर, राजपाभित्रको विवादले गर्दा प्रक्रियाहरू पूरा गराउन नसकेका कारण चुनाव नजाने भनिरहेको छ । राजपाले छाता चुनाव चिह्न लिन खोज्दैछ । तर, तत्कालै यो चुनाव चिह्न नपाउने अवस्था रहेको छ । मलाई लाग्छ, यथार्थ कुरा समयले बताउँछ । समग्रमा भन्नुपर्दा, मधेशकेन्द्रित दलका अडानहरू वास्तमा अडान भइदिँदा स्वागत योग्य नै हो, तर आफ्ना कमीकमजोरी लुकाउन अडान अगाडि ल्याइएको हो । यिनीहरूको बद्नियतका कारण मधेशी जनता धोकामा पर्दैछन् । चुनाव पनि नजिक आइसक्यो । उपेन्द्र यादवजी चुनावमा सहभागी नै भइसक्नुभयो । हेरौं अब कस्तो परिणाम आउँछ । मेरो शुभकामना छ । उहाँहरूले राम्रो मत पाओस् र जितोस् ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# कांग्रेसका दुई सय नेता कार्यकर्ताद्वारा पार्टी परित्याग

**मो इमरान खान,** कपिलवस्तु । दोस्रो चरणको स्थानीय तह निर्वाचन नजिकिँदै जाँदा उम्मेदवार विषयमा कपिलवस्तु जिल्लामा बिवाद उत्पन्न हुँदै गइरहेको छ । उम्मेदवारको विवाद लिई नेपाली कांग्रेसका जिल्ला नेतासहित दुर्यसय कार्यकर्ताले पार्टी परित्याग गरेका छन् ।

स्थानीय तह निर्वाचनमा नगरपालिकाको उम्मेदवार चयनको विषयमा पार्टी नेतृत्वले मनोमानी ढंगले टिकट वितरण गरेको भन्दै महाराजगंज नगरपालिका क्षेत्रका झण्डै २ सय नेता कार्यकर्ताले पार्टी परित्यागको घोषणा गरेका हुन् ।

नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि दीर्घनारायण पाण्डेयलाई महाराजगंज नगरपालिकाको मेयर पदमा उम्मेदवार नबनाएको भन्दै नेता पाण्डेयसहितका क्रियाशील सदस्यहरूले पार्टीको साधारण सदस्य समेतबाट राजीनामा दिएको बताएका छन् ।




यसरी नेता पाण्डेयसँगै पार्टी परित्याग गर्नेहरूमा महाराजगंज ईकाई सभापति बलराम यादव, सचिव पशुपति मौर्य, कोषाध्यक्ष हनुमान गुप्ता, क्षेत्रीय सदस्य मुनीराम यादव लगायतका नेताहरू रहेका छन् ।

पछिल्लो संविधान सभा निर्वाचनमा आफू सभासद्को आकांक्षी रहेको, महाराजगंज गाविसका पूर्व अध्यक्ष समेत रही जनताको घरदैलोमा पुगी सेवा गरेको भए पनि आफूलाई पार्टीले मूल्यांकन नगरेका कारण बाध्य भै पार्टी परित्याग गर्नु परेको बताएका छन् ।

नेता पाण्डेयसहित पार्टी परित्याग गरेका नेता कार्यकर्ताहरू अहिले कुनै पार्टी प्रवेश भने गरेका छैनन् । नेता पाण्डेयले आफूलाई पार्टीले मेयर पदको उम्मेदवार नबनाए पनि आफू कुनै अन्य राजनैतिक दल वा स्वतन्त्र रूपमै भए पनि स्थानीय तह निर्वाचनमा उम्मेदवार बन्ने बताएका छन् ।

नेपाली कांग्रेसले सो नगरपालिकामा पार्टीका कार्यवाहक सभापति अब्दुल कलाम खांलाई उम्मेदवार बनाएको छ । नेपाली कांग्रेस ठूलो पार्टी भएका कारण उम्मेदवारको आकांक्षी धेरै जना हुने गरेको र उम्मेदवार बनाउन छुटेका अग्रज कार्यकर्ताहरूलाई अन्य स्थानमा समेट्ने पार्टीले नीति लिएको पार्टीका जिल्ला सचिव महेन्द्र पाठकले बताए ।

# वीरगंज महानगरपालिकाको चौतर्फी विकास गर्ने अंसारीको प्रतिबद्धता

वीरगंज । नेशनल मेडिकल कलेजका प्रबन्धक/निर्देशक, समाजसेवी एवं विकास प्रेमी बसरूदिन अंसारीले पर्साको परवानीपुर-२१ मा स्थानियबासीहरूसंग चुनावी छलफल तथा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् ।

चुनावी छलफल कार्यक्रमलाई सम्बोधन गर्नु हुदै वीरगंज महागरपालिकाका मेयरका उम्मेदवार अंसारीले स्थानिय चुनाव भनेको कुनै पार्टीको उम्मेदवारलाई नहेरी स्थानिय स्तरमा विकास प्रेमीहरूलाई आफ्नो अमुल्य मत दिनका लागि आग्रह गर्दै वीरगंज महानगरलाई नेपालकै नमुना शहर बनाउनेमा प्रतिबद्धता जनाए ।

यस क्षेत्रको गरिबि, असहाय, निमुखाका बालबालिकाहरूको शादी, बिवाहमा आफुले सक्दो सहयोग गर्ने बताउदै उनले रोटि, कपडा, मकान, स्वास्थ्य,



शिक्षा र रोजगारीको पूर्णरूपले व्यवस्था गरिदिने समेत बताए ।

अंसारीले आफु मेयरमा निर्वाचित भए पछि स्थानिय युवाहरूको लागि इन्जोय पार्क, खेलकुदको विकास, उच्चशिक्षा, बृद्धाश्रम, गरिबि न्युनिकरण, रोजगारीको व्यवस्था, नगरको सम्पूर्ण विकासमा आफ्नो पहिलो प्राथमिक्ता रहेको बताए ।

नगरका उद्योगी व्यपारीहरूको लागि मजदुर, कर्मचारी र व्यवसायीहरूको लागि बन्द हडताल मुक्त क्षेत्र बनाउने दाबी गर्दै अंसारीले विद्यार्थीहरूको लागि पार्क, खेलकुद र अन्तर्राष्ट्रिय स्तरको सम्पूर्ण शिक्षा यसै नगरीमा व्यवस्था गराई विदेशबाट विद्यार्थी तान्ने खालको शिक्षा दिइने छ भने ।

वीरगंजलाई २४ घण्टा अनवर्त विद्युत परिपुर्ति गर्न सोलार पावरको व्यवस्था, सडकको स्तरोन्नती, सरसफाई, बजार व्यवस्थापनमा समेत ध्यान दिई अगाडि बढने बताए । सो अवसरमा सहभागीहरूले आफुहरू खुलैर सहयोग गर्ने प्रतिबद्धता समेत जनाएको स्थानिय बदी पासवानले जानकारी दिए ।

यसैगरी वीरगंज महानगरपालिका वडा नं. २४ को सुगौली बिर्तामा पनि मेयरका उम्मेदवार अंसारीले स्थानियबासीहरूसंग चुनावी छलफल तथा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् । सो अवसरमा शेख जयसुल्ला, पप्पु सिंह, दिलिप साह, कासिम अंसारी, हाकिम अंसारी, शेख नुर आलम, नवसाद मिया, शेराज अहमद लगायतको सहभागीता रहेको थियो ।

# रेडियो पत्रकार राष्ट्रिय संघद्वारा भर्त्सना

वीरगन्ज । नेपाल पत्रकार महासंघ पर्सा शाखा उपाध्यक्ष एवं रेडियो विरगंजका पत्रकार अनुप तिवारीमाथि अस्ती सोमबार बेलुकी भएको दुर्व्यबहारको रेडियो पत्रकार राष्ट्रिय संजालले घोर भर्त्सना गरेको छ । सञ्जालका सचिव सुरेश बिडारीद्वारा जारी विज्ञप्तीमा शरीरमा मोबिल छ्यापेर आगो लगाउने प्रयास भएको घटनाको जति निन्दा गरेपनि कम हुने उल्लेख गरिएको छ । संजालद्वारा जारी विज्ञप्तीमा घटनाबारे छानबिन गरी सत्यतथ्य पत्ता लगाई दोषीमाथि कडा कारवाहीको लागि प्रशासनसंग जोडदार माग गरिएको छ । समाचार प्रशारण प्रकाशन गरेकै विषयलाई लिएर राजनीतिक आवरणमा हुने यस्ता आततायी घटनाले कसैलाई पनि फाईदा नहुने उल्लेख गर्दै विज्ञप्तीमा राजनीतिक दलले पनि यस्तो विषयलाई गम्भीरतापूर्वक लिएर दलको नाममा हुने गलत प्रवृत्तिलाई निरूत्साहित गर्नु जरूरी रहेको उल्लेख छ । जतिसक्दो छिटो दोषी पत्ता लगाई कारवाही गर्न माग गर्दै संजाल प्रशासनले यो विषयलाई गम्भीरतापूर्वक नलिए देशैभरीका रेडियो पत्रकार आन्दोलित हुने चेतावनी दिएको छ ।

# मुसहर बस्ती अब नमुना वैज्ञानिक गाउँ

बर्दिबास । पुस्तौनी रोग, भोक र शोकले थला परेको महोत्तरीको बर्दिबासको एकीकृत नमुना मुसहर बस्ती 'नमुना वैज्ञानिक गाउँ'तर्फ अघि बढेको छ । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) खुमलटार ललितपुरले धुर्मुस-सुन्तली फाउन्डेसनद्वारा निर्मित नमुना मुसहर बस्तीलाई नमुना वैज्ञानिक गाउँ बनाउन कार्यक्रम सुरू गरेको हो । बस्तीलाई वैज्ञानिक गाउँ बनाउन पहिलो चरणमा नास्टले बस्तीका स्थानीयलाई मुढा बनाउने र सिलाइकटाइ तालिम सञ्चालन गरेको छ । दोस्रो चरणमा बाखापालन एवं कृषि खेतीको कार्यक्रम सञ्चालन गर्ने योजना छ । जंगलबाट दाउरा ल्याएर जीविकोपार्जन गर्दै आएका १० जना महिलाले मुढा बनाउने तालिम पाएपछि जंगल जान छाडेर आम्दानी गर्दै छिन् । बस्तीका सातजना महिलालाई नास्टले दुई महिने सिलाइकटाइको प्रशिक्षण दिएको हो । नास्टले वैज्ञानिक गाउँ कार्यक्रम सञ्चालन गर्दा त्यसको प्रत्यक्ष पाइदा बस्तीका बालबालिका, किशोरकिशोरी, युवकयुवती र वृद्धवृद्धाहरूले लिइरहेका छन् । शिक्षाबाट वञ्चित एक सयभन्दा बढी बालबालिका धुर्मुस-सुन्तलीको प्रेरणाबाट अहिले नजिकैको जनता माध्यमिक विद्यालयमा पढ्दै छन् ।

## गृह प्रवक्तामा काफ्ले

काठमाडौं । गृह मन्त्रालयको प्रवक्ताको जिम्मेवारी सहसचिव दीपक काफ्लेलाई दिइएको छ । यसअघि ललितपुरको प्रमुख जिल्ला अधिकारी रहेका काफ्लेलाई गृह मन्त्रालयमा प्रवक्ताको जिम्मेवारी दिइएको हो । यसअघिका प्रवक्ता बालकृष्ण पन्थीको सरूवा भई काठमाडौँको प्रमुख जिल्ला अधिकारी भएका छन् ।

## निर्वाचन तयारी युद्धस्तरमा

मोरङ । स्थानीय निर्वाचनको तयारी युद्धस्तरमा भइरहेको पूर्वाञ्चल क्षेत्रीय निर्वाचन कार्यालय विराटनगरले जनाएको छ । कोसी पूर्वका १४ जिल्ला समेटिएको प्रदेश नं १ मा तीन उपमहानगरपालिका, ४६ नगरपालिका र ८८ वटा गाउँपालिका छन् । ती स्थानीय तहमा एक हजार १५७ वडा छुट्याइएको छ । निर्वाचनका लागि २६ लाख ७४ हजार ५५७ मतदाताको नामावली प्रकाशित गरिएको छ । एक हजार ८६२ मतदानस्थल रहेको प्रदेश नं १ मा तीनहजार ४६० मतदान केन्द्र तोकिएको छ ।

## डुबेर बालकको मृत्यु

पर्सा । पोखरीमा डुबेर एक बालकको मृत्यु भएको छ । वीरगंज उपमहानगरपालिका-१२ मुर्मिमा रहेको सार्वजनिक पोखरीमा सोही ठाउँ बस्ने ईब्राहिम हवारीको १० वर्षीय छोरा सलमान हवारीको आइतबार पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको छ ।


## देशलाई लोडसेडिङ मुक्त गराउने अभियानमा सहयोग गर्न नेपाल विद्युत प्राधिकरणको अनुरोध

नेपाल विद्युत प्राधिकरण लोडसेडिङ न्युनीकरण गर्दै ग्राहकवर्गहरूमा नियमति विद्युत आपूर्ति हुने गरी आपूर्ति र माग व्यवस्थापन गर्न प्रयासरत छ । बढ्दो चिसो तथा सुख्खायामको कारण नदीहरूमा पानीको बहाव कम हुन गई विद्युत उत्पादनमा कमी हुने भएकोले विद्युतको माग व्यवस्थापनको लागि तपसिल अनुसारको कार्य गरी/गराई **देशलाई लोडसेडिङ मुक्त गराउने ने.वि.प्रा.को अभियानमा सहयोग** पुऱ्याई दिनुहुन सम्पूर्ण ग्राहक महानुभावहरूमा नेपाल विद्युत प्राधिकरण हार्दिक अनुरोध गर्दछ । ड्ड

१. अन्य बल्बहरूको तुलनामा बढी आयु र प्रकाश दिने लेड (**LED**) बल्ब प्रयोग गरेमा विद्युत खपत कम हुने र दीर्घकालीन रूपमा अन्य बल्बको तुलनामा यस्तो पर्न जाने भएकाले लेड (**LED**) बल्बको प्रयोग गर्ने तथा **पिक लोड समय (बिहान ६:००-९:०० र बेलुका ४:३०-८:३०)** निम्न बमोजिमको उपकरणहरू प्रयोग नगरिदिनु हुन

**आइरन, रूम हिटर, इमर्सन हिटर, पानी तान्ने पम्प, एयर कण्डिसनर, इलेक्ट्रिक गिजर, वासिङ मेसिन ।**

- रूम हिटर, इमर्सन हिटर, एष्र कण्डिसन, इलेक्ट्रिक गिजरलगायतका बढी विद्युत् खपत गर्ने उपकणहरू सम्भव भएसम्म पिकलोडका अतिरिक्त अन्य समयमा समेत प्रयोग नगरिदिनु हुन ।
- **कम विद्युत खपत गर्ने (Energy Star Label भएका)** विद्युतीय उपकरणहरू प्रयोग गरिदिनु हुन् ।
- कोठामा मान्छे नहुँदा बत्तीलगायतका विद्युतीय उपकरणहरू स्वचालित रूपमा बन्द हुने **मास्टर की स्वीच** ( **Master Key Switch**)को प्रयोग गर्ने व्यवस्था मिलाउनु हुन ।
- आवश्यक नभएको अवस्थामा सम्पूर्ण विद्युतीय उपकरणहरूको **स्वीच अफ** गरिदिनु हुन ।

२. पीक लोड समय साँझ (४:३०-८:३०) बजेसम्म साना/ठूला सम्पूर्ण उद्योग नचलाउने, उद्योगहरूमा **ऊर्जा परीक्षण** (**Energy Audit**) लाई उपलब्ध विद्युत शक्तिको अधिकतम (**Optimum**) उपयोग गर्ने, उद्योगमा **क्यापासिटर बैंक** अनिवार्य रूपमा जडान गर्ने व्यवस्था मिलाउनु हुन ।

३. कार्यालय तथा उद्योग परिसर एवं सडकमा **कम विद्युत खपत गर्ने लेड बल्ब** (**LED Blub**) प्रयोग गर्ने र सो को लागि दिनमा निभ्ने गरी स्वचालित स्वीच (**Photo Voltaic Switch**)को प्रयोग अनिवार्य रूपमा गर्न, जथाभावी बत्ती नबाल्न र सौर्य सडकबत्ती प्रयोग गर्नु हुन ।

४. **विद्युत चुहावट** भए/गरेको पाइएमा सोको सूचना ने.वि.प्रा.को नजिकको कार्यालयमा दिई सहयोग गरिदिनु हुन अनुरोध छ ।


## मधेश अपडेट

### हाम्रो पार्टी सबभन्दा ठूलो पार्टी बन्छ : यादव



उपेन्द्र यादव

रूपन्देही । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले संघर्ष र बलिदानीबाट प्राप्त उपलब्धीलाई रक्षा गर्न आफ्नो पार्टीले चुनावमा भाग लिने निर्णय गरेको प्रष्ट पारेका छन् । उनले अब पार्टीले उपलब्धीको रक्षा, आर्थिक विकास र बाँकी उपलब्धी प्राप्त गर्न संघर्ष गर्ने जस्ता जिम्मेवारी काँधमा बोकेर हिड्न सबैलाई निर्देशन दिए । यादवले संविधानले गाउँ, नगरमा धेरै अधिकारहरू हस्तान्तरण गरेकाले निर्वाचनमा नगए त्यो अधिकार गुम्ने खतरा भएको हुँदा त्यसलाई संरक्षण गर्न पार्टीले संघर्ष सँगसँगै निर्वाचनलाई रोजेको बताए । मधेशको मागबाट आफूहरू पछि नहटेको बताउँदै निर्वाचन पछि तराईका २२ जिल्लामा आफ्नो पार्टी पहिलो शक्ति बन्ने दाबी गरे । मधेशी थारू, आदिवासी, जनजाति, मुस्लिम समुदयाका माग पूरा नभएसम्म संघर्षबाट पछि नहट्ने यादवको भनाई छ ।

### विरोधका कार्यक्रम सार्वजनिक

चनदनकुमार यादव, राजविराज । राष्ट्रिय जनता पार्टी निकट राजविराज नगरपालिका जनआन्दोलन कमिटीले स्थानीय तहको निर्वाचन बिरोधी कार्यक्रम सार्वजनिक गरेको छ । राजविराजस्थित प.बि.मा.बि को मैदानमा मंगलबार जनआन्दोलन कमिटीको बैठकले नेकपा एमालेले जिल्लामा गर्ने कुनै पनि कार्यक्रम बिरोध गर्नेदेखि विरोध सभा, चक्काजामसहितको कार्यक्रम गर्ने निर्णय गरेको छ । सो जनआन्दोलन परिचालन समितिले जेष्ठ २४ गते राजविराज नगरपालिका वडा नं १ स्थित बिरौल चौकमा बिरोध सभा, २५ गते सदरमुकाम सहित राजमार्गमा २ घण्टा चक्काजामा गर्ने र जेष्ठ २६ गते राजविराजको शिवमिन्दर अगाडी कोण सभा गर्ने निर्णय गरिएको संयोजक मण्डलका सदस्य लक्ष्मण यादवले जानकारी गराएका छन् । विगत लामो समयदेखि मधेशी दल संविधान संशोधनको विषयलाई लिएर आन्दोलनरत रहेको भन्दै संविधान संशोधनका लागि एमाले नै मुख्य वाधक रहेको राजपामा नेता एवं संयोजक मण्डलका सदस्य लक्ष्मण यादवले बताए ।संविधान संशोधन विषयमा नेकपा एमालेले लचकता नदेखाएसम्म सप्तरीमा कुनै पनि कार्यक्रमको राजपा नेपालले विरोध गर्ने राजपाका नेता दिपेन्द्र चौधरीले बताए । अहिलेको स्थितिमा संविधान संशोधन बिना राजपा नेपाल स्थानीय निर्वाचनमा भाग नलिने बताउँदै एमालेले गर्ने कुनै पनि कार्यक्रमको क्रममा क्षति भए सोको जिम्मेवारी स्वयम् एमालेले नै लिनुपर्ने साथै यसप्रति राज्य पक्ष सचेत रहन चौधरीले बताए ।

### निर्वाचन बहिष्कार गर्न निर्देशन

वीरगन्ज । राष्ट्रिय जनता पार्टी नेपालको केन्द्रीय नीति अनुसार वीरगंज महानगरपालिका वडा नं. ३ छपकैयामा अब्दुल कलाम मियाको संयोजकत्वमा ७१ सदस्यीय आन्दोलन परिचालन कमिटी गठन गरिएको छ । भेलालाई सम्बोधन गर्दै उपाध्यक्ष सुरेन्द्र कुर्मीले मधेशको अस्तित्व, स्वाभिमान, अधिकार अपहरण गर्ने गरी गर्न लागिएको स्थानीय चुनाव बहिष्कारको विकल्प नरहेको जिकिर गर्दै जनजनमा निर्वाचन बहिस्कार अभियान संचालन गर्न कार्यकर्ताहरूलाई निर्देशन दिएका छन् । वडा नं.३ छपकैयामा कमिटीको सहसंयोजकमा राधेश्याम सोनी, अनवर हुसेन, जबार मन्सुरी, सचिवमा मुकेश वर्नवाल, कोषाध्यक्ष बरकतुन नेसा, सदस्यहरूमा बैजु स्वर्णकार, समिम हवारी रहेका छन् । पार्टीका केन्द्रीय उपाध्यक्ष सुरेन्द्र कुर्मीको प्रमुख आतिथ्य एवं नगर अध्यक्ष ओमप्रकाश सर्राफ, सन्जु छतकुलि, नगर उपाध्यक्ष अनवर हुसेन लगायतको विशेष उपस्थिति रहेको थियो ।

### माओवादीको बाणगंगाका उम्मेद्वार सार्वजनिक

मो. इमरान खान, कपिलवस्तु । दोश्रो चरणको स्थानीय तह निर्वाचनमा कपिलवस्तुमा नेकपा माओवादी केन्द्रले बाणगंगा नगरपालिकामाआफ्नो उम्मेद्वार सार्वजनिक गरेको छ । माओवादी जनयुद्ध देखि नै चर्चित मजदुर नेताको रूपमा आफ्नो छवि बनाएका विष्णु बेल्बासेले मेयरमा आफ्नो उम्मेद्धवारी दिने भएका छन् । यसैगरी उपमेयरमा विमला चौधरीलाई उम्मेद्धवार बनाइएको छ । थारू समुदायको बाहुल्यता रहेको सो क्षेत्रमा विमला क्रियाशिल महिला नेतृ हुन् । माओवादी केन्द्रले ११ मध्ये १० वटा वार्ड उम्मेद्धवार सार्वजनिक गरेको छ । वडा नम्बर १ को अध्यक्षमा नेत्र प्रसादपोखेल, वडा नम्बर २ को अध्यक्षमा रत्नबहादुर कार्कि, वडा नम्बर ३ को अध्यक्षमा टेक बहादुर झेडी मगर, वडा नम्बर ४ को अध्यक्षमा लालबहादुर नेपालीलाई उम्मेद्वार बनाइएको छ । यसैगरि वडा नम्बर ५ को अध्यक्षमा जय करण चौधरी, वडा नम्बर ६ को अध्यक्षमा भभुते प्रसादचौधरी, वडा नम्बर ७ को अध्यक्षमा बोम प्रसाद उपाध्याय, वडा नम्बर ८ को अध्यक्षमा विश्वास जिसी, वडा नम्बर ९ को अध्यक्षमा चुरामणी आचार्य, वडा नम्बर ११ को अध्यक्षमा सोमनाथ अर्याल उम्मेद्वार बनेका छन् । वडा नम्बर १० मा भने उम्मेद्वारको घोषणा गर्न बाँकी छ । बाणगंगा नगरपालिका क्षेत्रमा आफ्नो चुनावी अभियानलाई तिब्रता दिन माओवादी केन्द्रले ५०१ सदस्यीय घरदैलो परिचालन समिति तथा २०१ निर्वाचन व्यवस्थापन समिति र उम्मेद्धवारको सुरक्षार्थ वाइसिएलको १५१ सदस्यीय युवा दस्ता गठन गरेको छ ।

### पूर्वमेयर फोरम नेपालको मेयर उम्मेदवार

रौतहट । संघीय समाजवादी फोरम नेपाल रौतहटले पूर्वमेयर गौरी शंकर प्रसाद यादवलाई गौर नगरपालिकाको मेयरको उम्मेदबार चयन गरेको छ । यसअघि २०५४ सालको स्थानीय चुनावमा गौरी शंकर यादवले स्वतन्त्र उम्मेदबारी दिएर गौर नगरपालिकाको मेयर पदमा भारी मतले विजयी भएका थिए । संघीय समाजवादी फोरम नेपाल रौतहटले जिल्लाका चर्चित नेता गौरी शंकरलाई मेयरको उम्मेदबार बनाउने निर्णय गरेको छ । दुई साताअघि हजारौं कार्यकर्तासँगै गौरी शंकर यादवले फोरम नेपालमा प्रवेश गरेका थिए । गौर नगरपालिकामा फोरम नेपालको तर्फबाट गौरी शंकरको उम्मेदबारीले कांग्रेस, एमाले र माओवादी लगायत अन्य दलको जित्ने सम्भावना अत्यन्तै न्यून बनेको छ । स्वच्छ, इमान्दार र सामाजिक अभियन्ताको छवि बनाएर जिल्लामा चर्चित बनेका गौरी शंकरले गौर नगरपालिकाको सम्बृद्धि, विकास र स्थायित्व आफ्नो पहिलो प्राथमिकता रहेको प्रतिक्रिया दिएका छन् । यसैगरी, फोरम नेपाल रौतहटले गौर नगरपालिकाको उपमेयरका लागि अन्सु सिंहलाई चयन गरेको छ । रौतहटका पूर्वनिर्वाचित सांसद बबन सिंहकी पत्नी अन्सु सिंहको उम्मेदबारीले गौर नगरको उपमेयर पनि सुरक्षित भएको फोम नेपालले विश्वास व्यक्त गरेको छ ।

### एमालेका सयौं नेता कार्यकर्ता फोरममा

भैरहवा । संघीय समाजवादी फोरम नेपाल रूपन्देहीले सियारी गाउँपालिकाको उपप्रमुखमा सुशिला चौधरीलाई चयन गरेको छ । स्थानीय तहमा प्रभावशाली मानिने नेतृ चौधरीले शनिबार मात्रै एमाले परित्याग गरि फोरम नेपालमा प्रवेश गरेकी थिइन् । फोरम नेपाल रूपन्देही क्षेत्र नं. २ ले भैरहवामा आयोजना गरेको कार्यक्रममा संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले चौधरीलाई पार्टी प्रवेश गराउँदै गाउँपालिका उपप्रमुख पदका लागि बधाई तथा शुभकामना दिएका छन् । नवप्रवेशी सुशिला चौधरीको नेतृत्वमा एमालेका सयौंको संख्यामा सक्रिय कार्यकर्ताहरू फोरम नेपाल प्रवेश गरेका छन् । फोरम नेपालले शहीद परिवार, मधेशी, जनजाति, थारू, दलित, महिला र उत्पीडित समुदायका व्यक्तिलाई पहिलो प्राथमिकतामा राखेर उम्मेदबार चयन प्रक्रियामा जुटेको रूपन्देहीका सहइन्चार्ज रामू यादवले बताए । यसैगरि, सोही कार्यक्रममा भैरहवाका व्यापारी अर्जुन जायसवालको नेतृत्वमा दुई जना व्यापारी एवं स्थानीय जनता प्रवेश गरेका छन् ।

### घरदैलो कार्यक्रममा मतदाता शिक्षा

कैलाली । स्थानीय तहको दोस्रो चरणको नर्वाचनका लागि मत माग्न उम्मेदवारले घरदैलो कार्यक्रममा मतदाता शिक्षा पनि दिन थालेका छन् । बदर मत कम गर्नका लागि घरदैलो कार्यक्रमका क्रममा मतदातालाई मत हाल्ने तरिका सिकाउनु परेको सम्बद्ध उम्मेदवारले बताएका छन् । निर्वाचन आयोगले कैलाली जिल्लाको हकमा ४४ वटा चुनाव चिन्ह समावेश भएको मत पत्रको व्यवस्था गरेको छ । यसअघि सम्पन्न पहिलो चरणको चुनावमा उम्मेदवारले मत दिने तरिका सिकाउनुको साटो मतदातालाई पार्टीको चुनाव चिन्हमा मात्रै मतहाल्ने सुझाएको र मतपत्रको अकार ठूलो भएकाले सम्बद्ध उम्मेदवारको मतचिन्ह नभेटिएको जस्ता कारण धेरै सङ्ख्यामा मतपत्र बदर भएको बताइन्छ ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# शहीद पत्नीलाई फोरम नेपालले बनायो उम्मेदवार

मोरङ। संघीय समाजवादी फोरम नेपालले मधेश आन्दोलनको शहीद परिवारका सदस्यलाई उम्मेदबार बनाएको छ। रङ्गेलीको चर्चित घटनाका शहीद महादेव ऋषिदेवकी पत्नी सीतादेवी ऋषिदेवलाई फोरम नेपालले स्थानीय तहको दोस्रो चुनावमा उम्मेदबार बनाएको हो।

सुनवर्षी नगरपालिका वडा नम्बर ७ को महिला दलित सदस्यमा शहीद पत्नी सीतादेवीलाई चयन गरिएको छ। २०७२ साल माघ ७ गते मधेश आन्दोलनमा प्रहरीको गोलीले महादेव शहीद भएका थिए। मधेशी मोर्चाको विरोधको बावजूद एमाले महासचिव ईश्वर पोखरेले रङ्गेलीमा सभा गर्न खोजे पछि भएको तनावमा प्रहरीले गोली चलाउँदा तीन जना शहीद भएका थिए।

संघीय समाजवादी फोरम नेपालले शहीद परिवारलाई सम्मान स्वरूप प्राथमिकता दिने नीति अनुसार मोरङमा शहीद पत्नी सीतादेवीलाई उम्मेदबार चयन गरेको फोरम नेपाल मोरङका स्थानीय नेता प्रकाश यादवले जानकारी दिए। यसअघि, फोरम नेपाल सिरहाले मधेश आन्दोलनका प्रथम शहीद रमेश महतोकी आमालाई गाउँपालिकाको उम्मेदबार बनाउने निर्णय गरिसकेको छ।

शहीद पत्नी सीतादेवीको चयनसँगै फोरम नेपाल मोरङले सुनवर्षी नगरपालिका वडा नम्बर ७ का सबै उम्मेदवारहरूको टुंगो लगाएको छ।

सुनवर्षी नगरपालिका वडा नम्बर ७ को वडा अध्यक्षमा प्रकाश यादवलाई उम्मेदवारको रूपमा अघि सारिएको छ। अर्को महिला सदस्यमा चिन्तामणिदेवी राजवंशीलाई उठाइएको छ। अन्य दुई खुल्ला सदस्यहरूमा सुवर्ण सिंह र जमुना दासलाई उम्मेदवार बनाइएको छ।

सुनवर्षी नगरपालिका वडा नम्बर ७ का वडा अध्यक्षका उम्मेदवार बनेका यादव पार्टीको पनि वडा समितिका अध्यक्ष हुन्। वडामा उम्मेदवारहरूको टुंगो लगाइसकिएकाले आफूहरू चुनावी अभियान र घरदैलो कार्यक्रममा होमिएको उनले बताए।

वडाको विकासका लागि झपडतलदेखि बडंगा हुँदै भारतीय सीमासम्म कालोपत्रे सडक निर्माण गर्ने आफ्नो प्रमुख एजेण्डा रहेको उनले बताए।



शहीद महादेव ऋषिदेवकी पत्नी सीतादेवी ऋषिदेव

'बडंगाका जनताको जीवनस्तर उकास्नका लागि कृषि प्रणालीलाई आधुनिकिकरण गर्नुपर्छ,' यादवले भने, 'यहाँका दलित तथा गरिब जनता आधारभूत स्वास्थ्य सेवाबाट समेत बञ्चित भएकाले अब स्वास्थ्य र शिक्षा क्षेत्रलाई मैले प्राथमिकतामा राखेको छु।' आफै पनि कृषक रहेका यादव बडंगाका चर्चित युवा नेता हुन्।

# वडावासीको सेवा गर्न उम्मेदवारी दिएको छु



**राम दयाल गुप्ता**

**ने.क.पा. (माओवादी केन्द्र) को तर्फबाट**

**सिद्धार्थनगर-६ का वडा अध्यक्षका उम्मेदवार**

सिद्धार्थनगर नगरपालिका वडा नम्बर ६ निवासी ने.क.पा. (माओवादी केन्द्र) का जिल्ला समिति सदस्य राम दयाल गुप्ताले यही असार १४ गते हुने स्थानीय तहको निर्वाचनमा वडा नम्बर ६ मा वडा अध्यक्ष पदमा प्रतिस्पर्धा गर्दैछन्। विष्णुपुरा गाविसका तत्कालीन प्रधानपञ्च बुवा स्व. सहदेव गुप्ता र आमा स्व. धर्मी गुप्ताको कोखबाट कान्छो छोराको रूपमा रूपन्देहीको साविक विष्णुपुरा गाविस वडा नं. ७ हाल गैडहवा गाउँपालिका-५ मा जन्मिएका गुप्ता लामो समयदेखि सि.न.पा.-६ मा रही विकास निर्माण र सामाजिक क्षेत्रमा क्रियाशील रहेका छन्। प्रस्तुत छ स्थानीय तहको निर्वाचनको सेरोफेरोमा गुप्तासँग गरिएको कुराकानीको अंश :

**० यहाँको राजनीतिक यात्राको बारेमा बताइदिनुहोस् न ?**

– म २०४० सालदेखि नै राजनीतिक क्षेत्रमा प्रवेश गरेको हुँ। मेरो बुवाको प्रेरणाले यस क्षेत्रमा प्रवेश गरेको हुँ। म २०५५ सालदेखि नै ने.क.पा. माओवादीमा आबद्ध छु। पार्टी सदस्यदेखि भातृ संगठन अखिल नेपाल किसान संघ क्रान्तिकारी रूपन्देहीको जिल्ला कोषाध्यक्ष, मधेशी राष्ट्रिय मुक्ति मोर्चाको जिल्ला सदस्य तथा सिद्धार्थनगर अध्यक्ष र हाल ने.क.पा. (माओवादी केन्द्र) सिद्धार्थनगर-६ को वडा अध्यक्ष, सिद्धार्थनगर समिति सदस्य तथा रूपन्देही जिल्ला सदस्यको रूपमा जिम्मेवारी सम्हालेको छु। त्यस बाहेक म टोल सुधार समिति सि.न.पा-६ कर्ण-पथको अध्यक्ष, साहु तेली कल्याण सेवा समिति जिल्ला कार्यसमिति रूपन्देहीको सह-सचिव, भैरहवा नमुना मा.वि. व्यवस्थापन समितिको सल्लाहकार लगायत विभिन्न संघ-संस्थामा आबद्ध भई सामाजिक क्षेत्रमा पनि क्रियाशील छु।

**० तपाई सिद्धार्थनगर नगरपालिका वडा नं. ६ मा वडा अध्यक्षको उम्मेदवार हुनुहुन्छ, यहाँको उम्मेदवारी किन र केका लागि ?**

– म विगत १९ वर्षदेखि नै यस वडाको स्थायी बासिन्दाको रूपमा समाजसेवीको रूपमा काम गर्दै आएको छु। सम्पूर्ण विकास निर्माणका कार्यहरूमा पहल तथा निगरानी गर्दै आएको छु। नाली, सडकको सरसफाईदेखि लिएर मिस्कट, गिट्टी खसाल्न पहल गर्ने र केन्द्रीय बजेटलाई वडासम्म ल्याई विकास काममा निरन्तर रूपमा लागेको छु। महिला तथा पिछडिएको समुदायको उत्थानका लागि समय समयमा सिपमूलक तथा आयमूलक कार्यक्रमहरू वडामा ल्याएको छु, जसका कारण महिलाहरू आत्मनिर्भर भएका छन्। म वडा अध्यक्षको पदमा पुग्नु भन्दा पनि समग्र वडाको विकासका लागि र वडावासीको सेवा गर्न उम्मेदवारी दिएको छु।

**० सिद्धार्थनगर नगरपालिका वडा नं. ६ मा विशेष गरी कस्ता समस्याहरू छन ?**

– यस वडामा विशेषगरी अव्यवस्थित सडक र नालीका कारण वर्षायाममा डुवानग्रस्त हुने समस्या छ। पछिल्लो समयमा सार्वजनिक सम्पत्तिको हिनामिना भएको पाइएको छ।

**० तपाईले वडा अध्यक्षमा जित्नु भयो भने वडालाई कस्तो बनाउने खाका कोर्नुभएको छ ?**

– मतदाताले मलाई वडा अध्यक्षमा जिताउनुभयो भने म वडाभित्र रहेका सम्पूर्ण सार्वजनिक जग्गाको पहिचान गरी संरक्षण गर्ने, सामुदायिक विद्यालय महात्मा बुद्ध मा.वि.लाई स्तररोन्नती गरी शैक्षिक गुणस्तर सुधार्ने, वडा भित्र रहेको ३ वटै मदरसामा स्थायी शिक्षकको दरबन्दीको व्यवस्था गर्ने, विभिन्न स्थानमा सार्वजनिक शौचालयको निर्माण गर्ने, वडा समितिको कार्यालयको आफ्नै भवन निर्माण गर्ने, नेपालकै खाद्यान्न भण्डारको रूपमा परिचित गल्लामण्डीमा वैज्ञानिक खाद्यान्न भण्डारलाई सञ्चालनमा ल्याउने, हरेक समुदायबीच सामाजिक सदभाव कायम गराउने, वडा भित्र रहेका पुरातात्विक, धार्मिक स्थलहरूको संरक्षण गर्ने, अव्यवस्थित मासु पसललाई व्यवस्थित गर्न पशु बधशाला निर्माण गर्ने, सार्वजनिक धर्मशाला, मुस्लिम धर्मशाला र सि.न.पा-६ स्थित चित्रगुप्त मन्दिरको माथि धर्मशालाको निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

**० तपाईको चुनाव जित्ने आधार के हो ?**

– म अहिलेसम्म पदीय दायित्वमा नरहे पनि जनताको काम गर्दै आएको छु। विकास निर्माणको कार्यहरू जस्तै नाला, सडक, पोल, ट्रान्सफर्मर जडान लगायतका कामहरू गर्दै आएको छु। सि.न.पा-६ पिपरहियामा रहेको सार्वजनिक भोगचलनमा रहेको जग्गाको संरक्षण गर्नुपर्छ भनेर आवाज उठाउने क्रममा ३ दिनसम्म प्रहरी हिरासतमा समेत बसेको थिए। मलाई विश्वास छ मतदाताले मेरो कामको मुल्यांकन गरेर मलाई अवश्य नै अत्याधिक मतले विजय गराउनुहुनेछ।

**० अन्त्यमा तपाईले आफ्ना वडाका मतदाताहरूलाई के भन्न चाहनुहुन्छ ?**

– अन्त्यमा म सि.न.पा-६ का सम्पूर्ण विकासप्रेमी जनतालाई स्थानीय तहको निर्वाचनमा उम्मेदवारहरूलाई राम्रोसंग चिनेर मात्र भोट दिन अनुरोध गर्दछु। म जतिसुकै बेला पनि जनताको काममा नै सक्रिय भएर लागेको कुरा सबैमाझ सर्वविदितै छ। अरू बेला व्यापार व्यवसायमा मात्र लाग्ने र जनताको काममा खासै ध्यान नदिने तर निर्वाचनको बेला झुठो आश्वासन बाड्ने उम्मेदवारहरूसंग सजग रहन म सम्पूर्ण मतदाताहरू समक्ष विशेष अनुरोध गर्दछु। विकासको प्रत्याभुति गर्नका निम्ति गोलाकार भित्रको हसिंया हथौडामा मतदान गरी विजयी बनाइदिनुहुन हार्दिक अनुरोध गर्दछु।

*– रवीन्द्र गुप्ता*


"दूध, फुल, मासु र ऊन उत्पादनमा वृद्धि: आर्थिक विकास र देशको समृद्धि !"

**(Substantial Increment in Milk, Egg, Meat and Wool Production: Economic Development and Prosperity of the Nation!)**

दूध :

- दूध एक पूर्ण सन्तुलित आहारा हो।
- दूध बालकदेखि वृद्धसम्म, जन्मेदेखि मृत्युसम्म अत्यावश्यक पर्ने खाद्य पदार्थ हो।
- दूधमा भएका पोषण तत्वहरुको मूल्याङ्कन गर्दा अन्य पेय पदार्थको तुलनामा दूधको सेवन अरुभन्दा सस्तो पर्दछ।
- दूधमा शरिरका लागि अत्यावश्यक पर्ने कार्बोहाइड्रेटस्, प्रोटिन, चिल्लो पदार्थ, खनिज पदार्थका साथै भिटामिन्सहरु प्रचुर मात्रामा पाइन्छन्।
- दूधबाट उच्चस्तरका दही, मखन, घिउ, छुर्पि, आइसक्रिम लगायतका परिकारहरु बनाएर स्वाद अनुसार उपभोग गर्न सकिन्छ।

तसर्थ,

*दूधको महत्व बुझौं, उपभोग बढाऔं, स्वच्छ र स्वस्थ जीवन यापन गरौं।*



नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
पशु उत्पादन निर्देशनालय,
हरिहरभवन, ललितपुर




## संक्षिप्त समाचार

### ट्र्याक्टर भीरबाट खस्दा चौधरीको मृत्यु

कैलाली। कैलालीमा ट्र्याक्टर भीरबाट खस्दा एक जनाको मृत्यु भएको छ। गोदावरी नगरपालिका-७ हरैया शिविर नजिक राजमार्गमा आइतबार से.१ त ९८७५ नम्बरको ट्र्याक्टर भिरबाट खसेको थियो। कैलाली गोदावरी नगरपालिका-१२ बस्ने ४० वर्षीय मसुराम चौधरीको घटनास्थलमै मृत्यु भएको छ। ट्र्याक्टर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### ४४० थान चाइनिज मोबाइल बरामद

सिरहा। जिल्लाको एक गाउँबाट प्रहरीले चार सय ४० थान चाइनजि मोबाइल फेला परेको छ। बरयारपट्टी गाउँपालिका-३ स्थित बोर्डर छेउ खेतबाट बेवारीसे अवस्थामा रहेको करीब ७ लाख ४ हजार रूपैयाँ बराबरको ४४० थान चाइनिज व्ल्ल कम्पनीको मोबाइल बरामद भएको छ। उक्त मोबाइल थप आवश्यक कारबाहीको लागि राजश्व कार्यालय ईटहरी पठाइएको छ।

### बेपत्ता बालक मृत फेला

रविन्द्र यादव, नवलपरासी। नवलपरासीको सुस्ता गाउँपालिका अन्तर्गत कुडियाको साईफन निर नहरबाट आइतबारदेखि बेपत्ता बालक सोमबार बिहान मृत अवस्थामा फेला परेका छन्। प्रहरीले दिएको जानकारी अनुसार खोजतलास गर्दा सोमबार बिहान आठ बजे मृत अवस्थामा फेला परेको हो। शवलाई आवश्यक प्रक्रिया पूरा गरेर परिवारजनलाई बुझाइएको छ। सुस्ता गाउँपालिकाको वार्ड न २ साविक कुडिया गाविस वार्ड नं ८ भगवती हजामको छोरो अन्दाजी वर्ष १६ को कमलेश हजामको हिजो नहरमा नुहाउने क्रममा डुबेर बेपत्ता भएका थिए। बालक बेपत्ता भएदेखि नै भारतीय पश्चिमी नहरको पानी घटाएर शव को खोजी कार्य भैररहेको थियो।

### फरार प्रतिवादी पक्राउ

बारा। ज्यान मार्ने उद्योग तथा डाँका मुद्धाका फरार प्रतिवादी सिम्रौनगढ नगरपालिका-१ नामसग्रा बस्ने ३५ वर्षीय हरिन्दर मुखियालाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट गस्तीमा खटिएको प्रहरी टोलीले मुखियालाई शनिबार सोही ठाउँबाट पक्राउ गरेको हो।

### हतियार सहित पक्राउ

दाङ। तुल्सिपुर उपमहानगरपालिका-४ सिमखोला बस्ने ६२ वर्षीय बिक्रम कामीलाई प्रहरीले ४ थान कटुवा पेस्तोल, २ थान भरूवा बन्दुक, १० राउण्ड गोली, ९ थान पुरानो भरूवा बन्दुक, कटुवा पेस्तोलको नाल ७ थान लगायत बन्दुक बनाउन प्रयोग हुने विभिन्न औजारहरू सहित पक्राउ गरेको छ।

### बस दुर्घटनामा एकको मृत्यु

कैलाली। जानकी गाउँपालिका-५ पथरियास्थित टिकापुर-लम्की सडकमा ना.५ ख ५३० नम्बरको बस बुधबार दुर्घटना हुँदा बसमा सवार १७ जनामध्ये १ जनाको घटनास्थलमै मृत्यु भएको छ। अन्य १६ जना घाइते भएकोले उपचारको लागि टिकापुर अस्पताल पठाइएकोमा ५ जना थप उपचारको लागि नेपालगंज रिफर भएका छन्। ११ जनाको अवस्था सामान्य रहेको छ।

### बसलाई ट्रक र टिपरले ठक्कर दिँदा २३ घाइते

सुनसरी। ईनरूवा नगरपालिका-६ भोटेपुल हलेसीचोकस्थित पूर्व-पश्चिम लोकमार्गमा ना.४ ख ३९९० नम्बरको बसलाई ना.६ ख ६४७२ नम्बरको ट्रक र को.१ ख ३२२८ नम्बरको टिपरले बुधबार ठक्कर दिँदा भएको दुर्घटनामा चितवन नारायणगढ बस्ने २६ वर्षीय शितल रेग्मी लगायत २३ जना घाइते भएका छन्। घाइतेहरूलाई उपचारको लागि जिल्ला अस्पताल ईनरूवा पठाइएकोमा गम्भीर अवस्थामा रहेका रेग्मीलाई थप उपचारको लागि नोबेल अस्पताल बिराटनगर रिफर गरिएको छ। बसका चालक फरार भएकोले खोजी भइरहेको छ भने ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### करेन्ट लागेर मृत्यु

रूपन्देही। कंचन गाउँपालिका-१ गजेडी बस्ने ५८ वर्षीया कलिमाया श्रीसको मंगलबार करेन्ट लागेर मृत्यु भएको छ। खोरमा रहेका सुँगुरलाई दाना दिन जाने क्रममा पानी तान्ने तारको जेनेरेटरमा हात पर्न गई करेन्ट लागेर बेहोस भएकी श्रीसको लुम्बिनी अंचल अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो।

### अविरल वर्षाका कारण अढाई लाखको क्षति

रौतहट। अबिरल बर्षाको कारण साढे दुई लाखको क्षति भएको छ। बौधिमाई गाउँपालिका-३ मटिअर्वा बस्ने जयमंगलप्रसाद तेलीको खपडाको कच्ची घर मंगलबार भत्किएको छ। अविरल वर्षाका कारण लत्ताकपडा, भाडावर्तन लगायतका सामानहरू गरी करीव २ लाख ५० हजार रूपैयाँ बरावरको धनमाल क्षति भएको छ।

### हावाहुरीले ६ जनाको घरको छाना उडायो

बर्दिया। हावाहुरीकाले ६ जनाको घरको छाना उडाएको छ। मधुवन नगरपालिका-३ बस्ने जगतराम थारू लगायत ६ जनाको घरको छाना उडाएको हो। सोमबार हावाहुरीले उडाउँदा करीव १ लाख ५० हजार रूपैयाँ बरावरको धनमाल क्षति भएको छ।

### मोटरसाइकल चालकको मृत्यु

बर्दिया। ट्र्याक्टरको ठक्करबाट एक जनाको मृत्यु भएको छ। राजापुरबाट पाताभारतर्फ गइरहेको से १ त ६७९८ नं को ट्र्याक्टर बर्दियाको पश्चिममा रहेको राजापुर नगरपालिका- १ हिमालीपुरमा अनियन्त्रित भई विपरीत दिशाबाट आइरहेको से ५ प ४४३८ नं को मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक गेरूवा- ३ का ३१ वर्षीय टोपेन्द्र रावलको मृत्यु भएको हो। रावल र मोटरसाइकल पछाडि बसेका सोही स्थानका १४ वर्षीय सुरेश रोकाय घाइते भएकामा रावलको उपचारका क्रममा मृत्यु भएको छ।

### कठायत मृत फेला

कैलाली। जिल्लामा एक जना मृत अवस्थामा फेला परेका छन्। कोदावारी नगरपालिका-२ ट्राफिक चेकपोष्ट नजिक बैतडी, गोकुलेश्वर-२ का ४२ वर्षीय किसन सिंह कठायत मंगलबार मृत अबस्थामा फेला परेका छन्। घटनाका सम्बन्धमा स्थानीय प्रहरीबाट थप आवश्यक अनुसन्धान भइरहेको छ।

### करेन्ट लागेर मृत्यु

कपिलबस्तु। आफ्नै घरमा इन्भर्टरको तार जोड्ने क्रममा एक जनाको मृत्यु भएको छ। सोमबार अचानक करेन्ट लागेर गम्भीर घाइते भएका बाणगंगा-४ गजेहडा बस्ने ७१ वर्षीय चन्द्रसिङ रानाको मृत्यु भएको छ। स्थानीय सामुदायिक अस्पतालमा उपचारको क्रममा उनको मृत्यु भएको छ।

### छतबाट खसेर मृत्यु

दाङ। आफ्नै निवासको छतमा खेल्ने क्रममा खस्दा एक बालकको मृत्यु भएको छ। शुक्रबार एक्कासी खसेर गम्भीर घाइते भएका राप्ती उपक्षेत्रीय अस्पताल घोराही दाङमा कार्यरत कन्सल्टेन्सी डा. जितनारायण यादवका छोरा ७ वर्षीय आदित्य यादवको सोही अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ।यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

### उपचारको क्रममा कैदीको मृत्यु

सप्तरी। उपचारको क्रममा एक कैदीको मृत्यु भएको छ। जिल्ला कारागार सप्तरीमा कैद सजाय भोगी रहेका ठगी किर्ते मुद्दाका कैदी सप्तरी, तिलाकी छिनामस्ता गाउँपालिका-५ बस्ने ६० वर्षीय चारूचन्द्र मिश्रको मृत्यु भएको हो। उनी जेठ १४ गते सुगरको बिरामी भई उपचारको लागि बिराटनगर कोशी अस्पताल पठाएकोमा उपचारको क्रममा शनिबार मृत्यु भएको छ।

# मधेशी दलका लागि चुनाव कि मुद्दा ?

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३७०



❖ उपेन्द्र झा

राजपाले नेपाली काँग्रेसमाथि भद्र दवाब बनाएर संशोधन प्रस्तावप्रति गम्भीर बनाउनु पर्दछ। राजपा अहिले संकटमा छ। संकटबाट बाहिरन यति काम त गर्नै पर्दछ। संविधान संशोधन गराएर चुनावमा जाँदा राम्रो उपलब्धि हुने कुरामा दुई मत छैन। यदि यी कुरा केही भएन भने मधेशको मुद्दा विसर्जनमा जाने निश्चित छ।

राज्यको साजिश तथा मधेशका राजनीतिक दलहरूको व्यवहारले मधेशको राजनीति निष्कर्षविहीन बन्दै गएको छ। मधेशलाई आफनो प्रोपर्टी बुझ्नेहरूले मनोकाँक्षा अनुरूप मधेशलाई प्रयोग गर्दै आयो। मधेश अधिकार प्राप्तिको आशमा शहादत दिँदै गयो। राज्य समक्ष मधेशका पार्टीहरूले महत्वपूर्ण ठाउँ पनि पाए। आन्दोलन हुँदै रह्यो। आवाज उठ्दै रह्यो। शहादतको सूची लामो हुँदै गयो। तर बितेको १० वर्षमा मधेशलाई न राज्यपक्ष न मधेशका दलहरू कसैले सन्तुष्ट पार्न सके।

राज्यपक्षले अनेक साजिश रच्दै मधेशलाई राष्ट्रिय राजनीतिक वृतबाट नीतिगत तथा व्यावहारिक रूपबाट पछाडि धकेल्यौ नै, भावनात्मक रूपबाट पनि आहत पारि सीमान्तीकृत बनायो। कहिले संविधान घोषणाको नाउँमा त कहिले चुनावको नाउँमा मधेशको आवाजलाई दबाउँदै आयो। बाध्यात्मक अवस्था सृजना गरि मधेशलाई पछाडि धकेल्ने प्रयासमा राज्यपक्ष सफल देखिएपनि यहाँ द्वन्द्वको अन्त भएको कथमपि मान्न सकिन्न। यो द्वन्द्व जुन बेला पनि संगठित भएर सतहमा आउने निश्चित छ।

उद्देश्य प्राप्त गर्ने तथा पार्टी चलाउने दुई फरक विषय बनाएर हिंड्ने मधेशको नेतृत्वले पार्टी चलाउन प्रतिस्पर्धात्मक रूपमा छल, कपट, जाल, फरेब, धोखा जे अपनाएर पार्टीलाई अस्तित्वमा राखेको छ, विचारलाई पनि सोही प्रक्रियामा घिसार्दै लहूलुहान बनाएको छ। विचारभन्दा पार्टीको महत्व ठूलो भएकोले विचार कमजोर हुनु स्वाभाविकै हो। सैद्धान्तिक नारा दिएर पार्टीगत स्वार्थलाई उत्कृष्ट बनाउने नेतृत्व मण्डलमा समानता रहेको कुरा स्पष्ट देखिन्छ। विचार प्रवाहप्रति कोही गतिशील नरहेको कुरा विगत १० वर्षको अनुभवले बताउँछ।

प्रचण्ड सरकारले मधेशलाई धोखा दिंदै, मधेशको आवाजलाई पछाडि धकेल्दै, स्थानिय चुनावको घोषणा गऱ्यो। बीस वर्षदेखि हुन नसकेको चुनावले महत्व पायो र मधेशको मुद्दा पछाडि धकेलियो। चुनावको घोषणा हुने वित्तिकै आन्दोलनरत दलहरूमा खैलावैला मच्यो। अब के गर्ने ? चुनावलाई उपयोग गरिएन भने मोहन वैद्यको जस्तो दशा हुन्छ। सरकारले फ्याँकेको जालमा संघीय समाजवादी फोरम पहिले पऱ्यो। "संशोधन बिना चुनाव हुन दिन्नौं, सरकारले चुनाव गरायो भने मधेशमा महाभारत हुन्छ।" आदि आदि धेरै दिनदेखि बोकेको क्रान्तिकारी नाराको बोझलाई बिसाएर संघीय समाजवादी फोरम चुनावमा भाग लिएपछि उपेन्द्र यादबको चौतर्फी आलोचना भयो। सफाईमा उनले "प्राप्त उपलब्धिलाई संस्थागत गर्न हामीले चुनावमा भाग लिएका छौं" भनेका छन्। प्राप्त भएको उपलब्धि के हो सबैको जानकारीका लागि सार्वजनिक पनि गर्नु पर्दथ्यो। जानकारी भएन।

यता मधेशका ६वटा दल मिलेर राष्ट्रिय जनता पार्टी नेपालको जन्म भयो। संघीय समाजवादी फोरमले आन्दोलनको भारि बिसाएपछि आन्दोलनको सारा जिम्मेवारी राजपामाथि आएकोले अब देशका सम्पूर्ण शक्ति र राजपाको प्रतिस्पर्धा शुरू भयो। भारततिरबाट पनि राजपालाई चुनावमा जान दबाव पर्न थालेपछि राजपा आफै पनि चुनावमा जाने वा आन्दोलन गर्ने आन्तरिक द्वन्द्वमा फँस्यो। मधेशको माँग पूरा नभएकोले मधेश आन्दोलन चाहेको छ। राजपा बिना शर्त चुनावमा गयो भने मधेश मुद्दाको विसर्जन हुन्छ। सबै शक्ति चुनावमा भाग लियो भने राजपाको अस्तित्व संकटमा पर्छ। अति संवेदनशील अवस्थामा राजपालाई फँसेको छ। प्रचण्ड राजीनामा गरेपछि शेरबहादुर देउवाको पालो आएको छ। जेठ २३ गते मंगलवार मधेशका दलहरूसंग पुनश्च ३ बुन्दे सहमतीको आधारमा ३८८ मत लिएर शेरबहादुर देउवा प्रधानमन्त्री निर्वाचित भएको छ। शेरबहादुर देउवाले तीन बुन्दे सहमतीमा संशोधन प्रस्तावलाई पनि समावेश गरेबाट मधेश आशान्वित बनेको छ।

दुई तिहाईको नजिक पुगेको नेपाली काँग्रेसको मधेशप्रतिको ईमान्दारी प्रदर्शन गर्ने जिम्मेदारी आएको छ। प्रचण्डले संशोधन प्रस्तावलाई पछाडि फ्याँकेर धोखा दिएपछि नेपाली काँग्रेसले संशोधन प्रस्ताव पास गराएर मधेशलाई विश्वासमा लिने राम्रो अवसर पाएको छ। नेपाली काँग्रेसले मधेशमा आफनो विश्वसनीयता कायम गर्न यो अवसरको उपयोग गर्नु पर्दछ। नेपाली काँग्रेसले चाह्यो भने संशोधन प्रस्ताव पास हुने धेरै सम्भावना छ। संशोधन प्रस्ताव पास गराउन राजपाको पनि विशेष पहल आवश्यक छ। कथं कदाचित संविधान संशोधन भयो भने मधेशमा राजपा र नेपाली काँग्रेसको जय जयकार हुने र चुनावमा राम्रो स्थान पाउनेमा किञ्चित शंका छैन।

राजपाले नेपाली काँग्रेसमाथि दबाव बनाएर यो अवसरको उपयोग गर्नु पर्दछ। राजपामाथि आएको संकटको बुद्धिमानीपूर्वक हल यही हो। नेपाली काँगेससंगको विश्वसनीयता बढ्ने, भारतको अनर्गल दबाव आएपनि उसको पनि प्रतिष्ठा कायम रह्ने, राजपाले संशोधन गराउन सक्यो भनेर जनविश्वास बढ्ने, आन्दोलनको पनि समुचित निदान हुने र राजपालाई चुनावको भरपूर लाभ हुने आदि कारणबाट राजपाले संशोधन प्रस्ताव पास गराउन नेतृत्व लिनु पर्दछ।

अहिलेसम्म भएको राज्यको साजिश, दलहरूको अवाँछित व्यवहार, राजनीतिक असफलताका कारण मधेशमा दलहरूप्रति विश्वासको अभाव, कुण्ठा, आक्रोश, वैचारिक विचलन व्याप्त छ। आन्तरिक रूपमा मधेश विभाजित अवस्थामा रहेको छ। एमालेले सिमारेखा तानेर मधेशलाई सिमापारि बस्न बाध्य बनाएको छ। एमालेले मधेशलाई भावनात्मक विभाजन गराएर राष्ट्रिय राजनीतिबाट नै अलग पारेको अवस्थामा पनि स्थानिय चुनावमा मधेशीहरू एमालेको टिकटमा मेयर, उपमेयर लड्न गौरव महसूस गरेका छन्। विभाजित मानसिकताको योभन्दा पुख्ता सबूत अरू के हुन सक्दछ। सप्तरीमा एमालेको आमसभामा ५ जनाको हत्या भएको घटना सेलाउन पनि सकेको छैन, सप्तरीमा एमालेको टिकट लिएर मेयर, उपमेयर पदमा लड्न सुखराम यादब र पत्रकार हेमशंकर सिंह घोषणा सभाद्वारा हर्षोल्लासका साथ सार्वजनिक भएका छन्। यस्ता घटना मधेशका अरू जिल्लामा नघट्ला भन्न सकिन्न। मधेशको राजनीतिक अवस्थाको कस्तो विकृत तस्वीर हो यो।

अहिले मधेश मुद्दाको समुचित व्यवस्थापन आवश्यक छ। "सहमती, समझदारी र तीन तहको निर्वाचन हाम्रो जिम्मेवारी हो" भनेर फराकिलो दायित्वबोधका साथ शेरबहादुर देउवा सत्ता आरोहण गरेको छ। मधेशको समस्याप्रति आफ्नो सम्बेदनशीलता प्रगट गरि रहेको नेपाली काँग्रेसले अवसर पनि पाएको छ। देशको परिस्थितिले पनि यावत् समस्याप्रति गम्भीर हुन नेपाली काँग्रेसलाई प्रेरित गरि रहेको छ।

स्थानिय चुनावमा पहाडमा एमालेले नेपाली काँग्रेसलाई आफ्नो पछाडि पारेको छ। देशको पहिलो पार्टी रहेको नेपाली काँग्रेसलाई हटाएर देशको लिडिङ पार्टी एमाले रहेको नेपाली जनताले मान्न बाध्य भएका छन्। त्यसकारण पनि नेपाली काँग्रेसको दायित्व फराकिलो पार्नु पऱ्यो। नेपाली काँग्रेसले प्रचण्ड जस्तै धोखा नदिई मधेशको आवाजलाई सम्बोधन गर्नु पर्दछ। नेपाली काँग्रेसका कतिपय नेताहरूले मधेशप्रतिको सहानुभूति देखाई सकेको हुनाले नेपाली काँग्रेसको इमान्दारितालाई मधेश हेरि रहेको छ। नेपाली काँग्रेसले न्याय गर्छ वा यसले पनि प्रचण्ड जस्तै संशोधन प्रस्ताव पास हुने अवस्था नरहेको भनेर पन्छिने हो। नेपाली काँग्रेसले पनि कपटको सहारा लिएर मधेशलाई पन्छाउने काम गऱ्यो भने तीनै पार्टीप्रतिको अविश्वसनीयता मधेशमा व्याप्त हुनेमा कुनै शंका छैन।

राजपाले नेपाली काँग्रेसमाथि भद्र दबाव बनाएर संशोधन प्रस्तावप्रति गम्भीर बनाउनु पर्दछ। राजपा अहिले संकटमा छ। संकटबाट बाहिरन यति काम त गर्नै पर्दछ। संविधान संशोधन गराएर चुनावमा जाँदा राम्रो उपलब्धि हुने कुरामा दुई मत छैन। यदि यी कुरा केही भएन भने मधेशको मुद्दा विसर्जनमा जाने निश्चित छ। त्यसकारण पनि राजपाका लागि बडो संवेदनशील घडी हो। अहिलेसम्म चुनावमा जाने निर्णय नदिनु र समयको प्रतिक्षा गर्दै नेपाली काँग्रेसलाई जिम्मेवार बनाएर मूलभूत कुरा प्राप्त गरेर चुनावमा जाने अडान पनि राम्रो हो।

क्रमश:

janukjha24@gmail.com

## भारतबाट पर्यटक बृद्धि

काठमाडौं। सन् २०१६ मा करिब ४० प्रतिशतले पर्यटक आगमन वृद्धि भएको छ। उक्त अवधिमा सात लाख ५३ हजार दुई पर्यटकले नेपाल भ्रमण गरेका थिए। सन् २०१५ मा पाँच लाख ३८ हजार ९७० पर्यटक आएका थिए। कुल पर्यटक आगमनको सङ्ख्यालाई देशगत रूपमा विश्लेषण गर्दा सन् २०१६ मा सबैभन्दा बढी पर्यटक आउने पाँच मुलुकमध्ये भारत (१५ दशमलव ७) प्रतिशतले अगाडि छ। अन्य देशहरू क्रमश: चीन (१३ दशमलव ८), श्रीलङ्का (७ दशमलव ६), अमेरिका (७) र बेलायत ( ६ दशमलव एक) रहेका छन्। यी देशबाट आएका पर्यटकले कुल पर्यटकको ५० प्रतिशतभन्दा बढी अंश ओगटेको पाइन्छ। सन् २०१५ मा बढी पर्यटक आउने मुलुकमा क्रमश: भारत (१४), चीन (१२), अमेरिका (१०), श्रीलङ्का (८) र थाइल्यान्ड (६) प्रतिशत रहेको छ।

## सम्बन्ध सकारात्मक दिशातर्फ



काठमाडौं। नेपाल र भारतको कुटनीतिक सम्बन्धलाई नयाँ सम्झौतामार्फत नयाँ ढङ्गले अगाडि बढाउन भइरहेको पहल सकारात्मक दिशातर्फ अग्रसर भइरहेको छ। दुई देशको सम्बन्धबारे पुनरावलोकन गर्न गठित प्रबुद्ध व्यक्ति समूह (ईपीजी)का सदस्यले आफ्नो पहल नतिजाउन्मुख रहेको बताउँदै गर्दा कुटनीतिक पहल नयाँ दिशातर्फ अग्रसर भएको हो।

हालै भारतको देहरादुनमा ईपीजीको चौथो बैठक सकेर फर्केका सदस्यहरूले छलफलले अझ बढी निकटता निर्माण गरेको बताए। ईपीजीमा नेपालको तर्फबाट सदस्य रहेका पूर्व मन्त्री नीलाम्बर आचार्यले भने, 'यो बैठकले हामीबीच अझ बढी निकटता ल्याएको छ। प्रगति भएको छ। छलफल सकारात्मक रूपमा अगाडि बढिरहेको छ।' नेपाल र भारतबीच सन् १९५० मा भएको शान्ति तथा मैत्री सन्धिको आधारमा दुई पक्षीय सम्बन्ध चलिरहेको छ। नेपालमा बेलाबेला राजनीतिक दलको विरोध मुद्दासमेत बन्ने गरेको उक्त सन्धि खारेज गरेर नयाँ सन्धि मस्यौदा गर्न लागिएको छ। दुवै देशका प्रबुद्ध व्यक्तिहरूबीच अहिले यसलाई विस्थापन गरेर कसरी अघि बढ्ने भन्ने विषयमा छलफल केन्द्रित रहेको छ।

'सन् १९५०को सन्धि पुनरावलोकन वा संशोधन गर्न उक्त सन्धिमा भएको प्रावधानले नै रोकेको छ' आचार्यले भने, 'त्यसैले अब गर्ने नयाँ सन्धि नै हो तर त्यसमा कसरी अघि बढ्ने भन्ने यकिन भइसकेको छैन।'

## बिहारका मन्त्रीद्वारा बाढी नियन्त्रण कामको निरीक्षण

सुनसरी। भारत विहार राज्यका जल संसाधन मन्त्री ललन सिंहले सुनसरी जिल्लाको पश्चिम कुश्वाहामा बाढी नियन्त्रणसम्बन्धी कामको स्थलगत निरीक्षण गरेका छन्। सप्तकोसी नदीको पूर्वी तटबन्धमा भइरहेको कामको निरीक्षण गर्दै भारतीय मन्त्री सिंहले अघिल्लो वर्ष बाढीले दबाब दिएका स्पर र तटबन्धमा थप सुरक्षाका उपायहरू अपनाउन निर्देशन समेत दिए। नौ वर्षअघि कोसी नदीले पूर्वी तटबन्ध भत्काएर बस्तीमा पस्दा नेपाल र भारतका हजारौं बासिन्दा घरबारविहीन भएका थिए। १ सय ९९ वर्षका लागि कोसी सम्झौतामार्फत भारत सरकारले लिजमा लिएको जमिनमा पर्ने बाँधको मर्मतको जिम्मा पनि उसैले गर्दै आएको छ। मन्त्री सिंहले दुई लाइन मात्र राखिएको पर्कोपाइनलाई तीन लाइन गर्न निर्देशन दिनुभयो। कोसी बाढी नियन्त्रणको काम विहारको जलसंसाधन मन्त्रालयले हेर्दै आएको छ।

## शीतभण्डार निर्माणका लागि सहयोग



काठमाडौं। भारतको साना विकास आयोजना अन्तर्गत संचालित कार्यक्रम अनुरूप भारत सरकारले नेपाललाई ४ करोड ६० लाख सहयोग स्वरूप प्रदान गर्ने भएको छ। दाङ जिल्लामा कोल्ड स्टोर निर्माणका लागि उक्त रकम सहयोग गरिएको हो। त्यस जिल्लामा कृषि पेसामा आबद्ध कृषहरूलाई आफुले उत्पादन गरेको कृषि सामग्री भण्डारणको लागि कोल्ड स्टोरको निर्माण गर्न लागिएको हो। १५ महिनामा काम सकिने गरी टेन्डरको आह्वान गरिएको छ। नेपालका कृषि मन्त्रीले पनि उक्त आयोजनामा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। नेपाल(भारत समन्वय कार्यक्रम अन्तर्गत भारतले नेपालका विभिन्न साना तथा ठूला आयोजनाहरूका लागि आर्थिक सहयोग गर्दै आएको छ त्यसै निरन्तरता दिँदै भारतले कोल्ड स्टोरको लागि सहयोग प्रदान गरेको छ।

## प्रबुद्ध समूहको बैठक सकारात्मक रूपमा सम्पन्न

काठमाडौं। नेपाल र भारतबीचको प्रबुद्ध समूहको चौथो बैठकले दुई देशका सन्धी सम्झौता पुनरावलोकन गर्ने विषयमा सकारात्मक छलफल गरेको छ। भारतको देहरादुनमा सम्पन्न दुई दिने बैठकले ठोस निर्ष्कष निकाल्न नसकेपनि सकारात्मक रूपमा सम्पन्न भएको दुवै देशका अधिकारीहरूले बताएका छन। बैठकमा सन् १९५० को शान्ति तथा मैत्री सन्धी, व्यापार र वाणिज्य, जलश्रोत लगायतका विषयमा छलफल भएको थियो। तीन महिनापछि काठमाडौंमा बस्ने पाँचौ बैठकले ती विषयमा थप छलफल गर्ने नेपाली टोलीका सदस्य भेषबहादुर थापाले बताउनुभयो। बैठक सकारात्मक तथा उत्साहपूर्ण सम्पन्न भएको उहाँको भनाई थियो। भारतीय प्रवुद्ध समूहका सदस्य भगतसिंह कोसियरीले बैठक निकै सौहार्द्धपूर्ण रूपमा भएको बताउदै विगतमा छलफल गरिरहेका विषयमा केन्द्रित भएको उल्लेख गर्नुभयो। बैठकमा सुरक्षा, प्राकृतिक स्रोत साधन, खुला सिमाना र परराष्ट्र नीति सम्बन्धी विषयमा नेपालले संशोधनको प्रस्ताव राखेको बताइएको छ।

## आमाको नामबाट नागरिकता दिन आदेश

बाँके। उच्च अदालतले नेपालगन्जका दीपिका सोनी र मोहम्द सकिल हलवाईलाई आमाको नामबाट एक महिनाभित्रै नागरिकता दिन आदेश दिएको छ। उच्च अदालत तुलसीपुर नेपालगन्जले जिल्ला प्रशासन कार्यालयलाई यस्तो आदेश दिएको हो। नागरिकता उपलब्ध गराएपछि त्यसको जानकारीसमेत मागेको छ। न्यायाधीश सराङ सुवेदी र वीरबहादुर डाँगीको सयुक्त इजलासले यस्तो आदेश दिएको अदालतले जनायो। यी दुवैका बुवाको मृत्यु भएपछि उनीहरूको नेपाली नागरिक भएको पहिचान नखुलेको भन्दै स्थानिय प्रशासनले नागरिकता दिन इन्कार गरेको थियो।

कल इण्डिया...
मात्र रू. २.९० प्रति मिनेट
साथै कतार, साउदी अरेबिया, यू.ए.इ., बहराइन र कुबेतमा फोन गर्दा अब मात्र रू. १२ प्रति मिनेट।
फोन गर्ने तरिका :
१४१२ + कन्ट्रिकोड + फोन नं.
थप जानकारीको लागि :
नोटिसबोर्ड न. १६१८ ०७०७ ११११ मा डायल गरी सुन्न सक्नुहुनेछ।
उल्लेखित महशुल दरमा नेपाल सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन।
नेपाल टेलिकम

हामी नेपालीहरूमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ। नयाँ प्रविधि र नयाँ क्षेत्रहरूमा हामी जानै पर्छ। मुख्यत: हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साहस चाहिन्छ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व परिवेश

## सि.पि.इ.सी. प्रति भारतको आपत्तिलाई चीनले ख्याल गर्नुपर्छ

–स्यामुएल बैद

चीनले मे महिनाको मध्यमा बेजिङ्गमा आयोजित गरेको 'बेल्ट एण्ड रोड फोरम (बी.ए.आर.एफ.) सम्मेलनका सहभागी सबै देशहरूको आफ्नो सार्वभौमसत्ता र भौगोलिक पूर्णता सम्बन्धी चीनसँग त्यस्तै समस्या रहेको छ, जस्तो भारतको रहेको छ। तर पनि चीनले त्यस मुख्य मुद्दालाई लुकाउदै परमाणु आपूर्ति संगठन (न्यूक्लिएर सप्लायर्स ग्रुव) मा भारतको प्रवेशप्रति आफ्नो विरोध प्रदशित गर्दै आएको छ भने पाकिस्तानी सेनाद्धारा संरक्षित विश्वमै प्रख्यात आतंकवादी मसुद अजहरलाई भारतले संयुक्तराष्ट्र सुरक्षा परिषदका सदस्यहरूबाट विश्वव्यापी आतंकवादी घोषित गराउने प्रयास प्रति असहमति जनउदै आएको छ। चीनले कश्मीर समस्यालाई सहि अर्थमा नबुझेको बहाना गर्दै सम्मेलनमा त्यस समस्याको सि.पि.इ.सी. सँग कुनै सरोकार नरहेको बताएको थियो भने कश्मीर समस्याको समाधान भारत र पाकिस्तानले नै गर्ने बताएको थियो जबकि सि.पि.इ.सी. जस्तो भ्रामक योजना वन बेल्ट वन रोड (ओबर) अन्तर्गत भारतको सार्वभौमसत्ता र भौगोलिक पहिचानको विल्कुलै उल्लंघन गर्दै स्थापित गरिएको छ। भारतको बारम्बार सि.पि.इ.सी. प्रतिको आफ्नो असहमति बारे चीनलाई बताए पनि चीनले सधै त्यसलाई बेवास्ता गर्दै आएको छ। चिनिया परराष्ट्र मन्त्रालयको प्रवक्ता हुआ चुनिइंगको तीव्र आकोशपूर्ण टिप्पणी सुनेपछि उनको भारतीय समकक्षी गोपाल वाग्लेले नयाँ दिल्लीमा भनेका थिए–"हामी वन बेल्ट वन रोड सम्बन्धमा चीनलाई सार्थक वार्ताका लागि अनुरोध आए तापनी अझसम्म चीनको सार्थक जवाफको लागि प्रतिक्षारत रहेका छौं।" त्यसपछि हुआले आफ्नो दैनिक प्रेस वार्तामा आकोशपूर्ण प्रतिक्रिया यस शब्दमा व्यक्त गरेकि थिइन्–'विगत चार वर्ष भन्दा अगाडीदेखि हाम्रो त्यो योजना संचालन गर्ने कममा हामीले व्यापक सरसल्लाह, संयुक्त योगदान र सहभागी उपलब्धीको सिद्धान्त अपनाउदै आएका छौं।' तब पनि भारतले कस्तो प्रकारको सार्थक वार्ताको चीनसँग अपेक्षा गरेको छ ? तर तथ्य र सत्य यो छ कि चीनले सि.पि.इ.सी.को मुख्य बुँदाहरू सम्बन्धमा कहिले पनि भारतसँग छलफल गर्न चाहेको छैन ?

चीन कुनै प्रकारको सरसल्लाह सि.पि.इ.सी.सम्बन्धमा भारतसँग तर्सिनुको यो कारण छ कि भारतले पाकिस्तानलाई दिग्भ्रमित पारेर त्यस योजनालाई विफल पारी दिएपछि राष्ट्रपति झि जिनपिङ्गको विश्वका अधिकांश भागलाई चीनको प्रभाभित्र राख्ने सपना विखण्डित हुन जानेछ ? जबसम्म चीनले समय खेर नफालेर भारतसँग समझदारी कायम गरेर पाकिस्तानलाई भारतसँग नो अब्जेक्सन सर्टीफिकेट लिनका लागि दबाब दिदैन, तबसम्म सि.पि.इ.सी. को भ्रामक योजना सफल हुदैन। तर पाकिस्तान विश्व बैंक र एशियन डेभलपमेण्ट बैंक जस्तो ऋण दिने संस्थाहरूसँग ऋण लिएर गिल्गिट–बाल्टिस्तान क्षेत्रमा बाँधहरू निर्माण गर्ने भरमा रहेको छ पाकिस्तान गिल्गिट बाल्टीस्तानको सम्बन्धमा भारतसँग नो अब्जेक्सन सर्टीफीकेट लिएपछि त्यसको अर्थ त्यस क्षेत्रमाथि भारतको प्रभुत्व रहेको स्वीकार गरे जस्तो हुने कुरामा विश्वास गर्ने जस्तो महशुस गरेको देखिन्छ। पाकिस्तान आफ्नो अस्तित्व रक्षार्थ भारतसँगको बत्रुतामा विश्वास रहेको छ भने चीन पाकिस्तानको भारतसँगको दुश्मनीले गर्दा पाकिस्तान भरीमा आफ्नो प्रभुत्व विस्तार गर्नमा विश्वश्त रहेको छ।

यो सबैले बुझ्ने कुरा हो कि भारतसँग पाकिस्तान र चीनको जस्तो भय र उपेक्षा भाव रहे पनि दुवैलाई के कुराले सदाबहार मित्रताका लागि प्रेरित गर्दै आएको छ। तिनीहरूको हठवादिता र शक्ति नै अधिकार हो। (माइट इन राइट ) को मनोवृतिका कारण भारतको सहमति नै नलिएर सि.पि.इ.सी. संचालन गरियो, त्यस क्षेत्रका भूमिपतिहरूसँग कुनै प्रतिबद्धता नै व्यक्त नगरीकन ? यो ख्याल गर्नुपर्ने कुरो छ कि कम्युनिष्ट चीनको जनतालाई उसको सरकारले के गर्दै आएको छ ? त्यो जान्ने अधिकार छैन तर पाकिस्तान जस्तो लोकतान्त्रिक देशका जनतालाई पनि त्यसै प्रकारको कुनै जानकारी दिने गरिएको छैन ? पाकिस्तानी जनतालाई मात्र दुई वटा कुरो बताइएको थियो –(१) सि.पि.इ.सी. कार्यान्वयनमा आइसकेपछि देशमा दुध र मह प्रवाहित हुन थालेको छ र (२) जनता भारतसँग सतर्क रहनु पर्छ किनकी बेलोचिस्तान भएर उसले त्यस योजनालाई बिफल पार्ने प्रयास गर्दै आएको छ। त्यसैले बेलोचिस्तान सि.पि.इ.सी. योजनाको संचालनमा सुरक्षा प्रदान गर्ने निहुँमा निरन्तर हुदै आएको दमन र मानव अधिकारहरूको उल्लंघन प्रति त्यहाँको जनता उदासीन रहेको देखिएको छ ? बेजिङ्गमा मे १४ का दिन 'बेल्ट एण्ड रोड फोरम'को उद्घाटन भाषणमा राष्ट्रपति झि जिनपिङ्गले चीनको अरूमाथि आफ्नो प्रभुत्व जमाउने कुनै चाहना नरहेको बताएका थिए तर बलुचिस्तान र गिल्गिट बाल्टीस्तानका जनतामाथि निरन्तर हुदै आएको सैनिक अत्यचार सो क्षेत्रसँग जुडेको सिन्चियांग प्रान्तका युधुर मुसलमान समुदायमाथि चिनियाँ सैनिक द्वारा गरिने अत्यचारको विस्तारित नभएको बारे कसैले पत्याउन सक्दैन ? यो विश्वास गर्न सकिदैन कि सि.पि.इ.सी. को संचालनका क्रममा चीनको उक्साहट बिना बलुचिस्तान र गिल्गिट–बाल्टीस्तानमा पाकिस्तानी सेनाको परिचालन गरिएको होला ?

आगामी दुई वा तीन दशक भित्र पाकिस्तानमा दुई प्रकारका दृश्यहरू विस्तारित हुने संभावना देखिन्छ :– पहिलो, चीनको आर्थिक शक्ति र पाकिस्तानको माग्ने चरित्रले गर्दा चीनको पाकिस्तानको आर्थिक र राजनीतिक क्षेत्रमाथि यति सख्त पकड हुन्छ कि चीनले पाकिस्तानी सेनासँग उसको भारतप्रति नीति आफ्नो अधिनमा लि हाल्नेछ। दोस्रो परिदृष्य, इस्लामको लोप हुने देखिएको छ, कारण इस्लामिस्ट र अतिवादिहरूद्धारा तथा चिनिया सैनिकद्धारा सिन्चियांग प्रान्तको युधुर मुसलमान समुदायमाथि हुदै आएका अत्याचारहरू पाकिस्तानका इस्लामिकहरूका लागि चीनको चेतावनी जस्तै रहेको छ। यदि सि.पि.इ.सी. आफ्नो लक्ष्यअनुरूप संचालित रह्यो भने ५० वर्षमा पाकिस्तानी पुस्ताले यो पनि थाहा पाउन सक्दैन कि इस्लामकै नाममा तिनीहरूको देश पाकिस्तानको निर्माण भएको थियो ?

चिनियाहरूलाई राम्ररी थाहा छ कि उसको सदाबहार मित्र पाकिस्तान दोहोरो कुरा गर्न बाध्य भै सकेको छ। त्यसको उदाहरण स्वरूप पाकिस्तानी प्रधानमन्त्री नवाज शरीफले मे १४ तारीखका दिन बेजिङ्गमा 'बेल्ट एण्ड रोड फोरम' लाई सम्बोधन कममा यस्तो भनेका थिए – "हामीले मतभिन्नता बिर्सिने समय आई सकेको छ र कूटनैतिक माध्यमबाट संघर्ष वा मतभेदलाई समाधान गर्नु परेको छ ....।" वहाँको यस कुरामाथि जोड दिनु भएको थियो कि भौगोलिक अर्थव्यवस्थाको प्रभुत्व भौगोलिक राजनीतिकमाथि हुनेछ। तर सार्कका उपस्थित सदस्यहरूले यो जरूर सोचेका होलान कि उसको देश पाकिस्तानले सार्कको स्वतन्त्र व्यापार तथा सम्बन्ध विस्तारको निर्णयलाई कसरी कार्यान्वित हुन दिएन ? पाकिस्तान भारत–अफगान व्यपारका लागि परवहन सुविधा प्रदान गरेको छैन भने भारतलाई 'मोस्ट फेभर्ड नेशन' को मान्यता दिन अस्वीकार गरेको छ ?

बेजिङ्गमा भएको बेल्ट एण्ड रोड फोरम सम्मेलनमा पश्चात बेजिङ्ग यस्तो वातावरणमा निर्माण गरिएको छ कि भारतले त्यस सम्मेलनमा भाग नलिएर आफुलाई दक्षिण एशियामा मात्र होइन कि अन्तराष्ट्रिय स्तरमा समेत आफुलाई एक्लो पारी सकेको छ। तर चीनका अग्रणी पर्यवेक्षक भारतका श्याम शरणले वास्तविकता लाई यस शब्दमा स्पष्ट पारेका छन् :–"... जबसम्म भारत ज्यादै तेजीसाथ ठुलो अर्थव्यवस्थामा अप्रतियोगी बजारको उपादेवतासाथ बढ्दै जानेछ तबसम्म 'बेल्ट एण्ड रोड फोरम' मा भारतको अनुपस्थितिले कुनै आर्थिक अवसर गुमाउने भय छैन। 'ओवोर' प्रति भारतको असहमतिका कारण यदि चीनले आफ्नो लगानी भारतमा गर्दैन भने त्यसबाट भारतलाई होइन चीनलाई नै घाटा हुनेछ।" (लुकिङ्ग चीन इन दी आई, इन्डियन एक्सप्रेस, मे २२)। निष्कर्षत : विश्वमै चीनको छिमेकीहरूप्रतिको दृष्टिकोण बेवास्तापूर्ण रहेको स्पष्ट देखिन्छ।

*– एजेन्सीको सहयोगमा*

## "चीन-पाकिस्तान इकोनोमिक कोडीडोर" असाधारण रहस्य

पाकिस्तानबाट प्रकाशित अंग्रजी दैनिक 'डान'ले यसै साताको सुरूमा बहुचर्चित 'चीन पाकिस्तान इकोनोमिक कोडीडोर' असाधारण रहस्य सविस्तार सार्वजनिक गरेको छ कि चीनले पाकिस्तानको आर्थिक हस्तान्तरण गर्ने योजना कस्तो र कसरी बनाएको छ ? त्यसलाई अब पाकिस्तानले बुझ्न परेको छ। त्यस योजनाको दुई महत्वपूर्ण क्षेत्र रहेको छ–पहिलो, पाकिस्तानको कृषि क्षेत्रमाथि अधिपत्य जमाउने र दोस्रो, पाकिस्तानका मुख्य शहरहरूमाथि गहिरो निगरानी राख्दै त्यसको अनुगमन गर्ने संजाल विस्तार गर्ने। छोटकरीमा चीनले भविष्यमा पाकिस्तानको पालन मात्र गर्ने होइन कि पाकिस्तानको जीवनमा प्रभुत्व जमाएकाहरू मथि पनि निगरानी गर्नु रहेको छ । मुसलमान बहुल चीनको सिन्धियांग प्रान्तको उपयुक्त घटनाबाट पाकिस्तानले सिक्नुपर्छ। तर त्यस्तो औपनिवेशीकरणको ज्वलन्त प्रयासबाट समेत पाकिस्तानि नेताहरू सजग भएका छैनन्। गत वर्ष पाकिस्तानी सिनेटको योजना तथा विकास सम्बन्धी स्थायी समितिका अध्यक्ष तथा सिनेटर ताहिर मशहरीले आफ्नो प्रतिक्रिया यस शब्दमा व्यक्त गरेका थिए :– 'अ इस्ट इण्डिया कम्पनी स्थापित हुन लागेको छ, राष्ट्रिय हितको संरक्षण गरिएको छैन। चीन र पाकिस्तान बीचको मित्रता हाम्रो लागि गौरवको कुरा हो तर राष्ट्रको हितलाई प्राथमिकता दिनुपर्छ।" अन्य थुप्रै नेताहरूले शंका व्यक्त गर्दै भनेका थिए कि सि.पि.इ.सी. अ इस्ट इण्डिया कम्पनीको रूपमा परिणत हुनेछ, यदि देशको हितलाई सतर्कतापूर्वक सराई गरिएन भने ?

'डान'ले सार्वजनिक गरेको दस्तावेजहरूको विषयवस्तुलाई हेर्दा ति शंकाहरू नि रहेको मान्न सकिन्छ किनकि चीनको त्यस योजना मुख्य उद्देश्य चीन पाकिस्तानको कृषि क्षेत्र संचालन गर्न चाहन्छ। जसमा खाद्यन्न र जुट उत्पादनको व्यवस्थापन चिनिया कम्पनीहरूले गर्नेछन्। समस्या यो छ कि बढ्दो माग र खस्कँदो उत्पादनका कारण कृषि क्षेत्र समस्याप्रद बन्न गएको छ भने स्वतन्त्रता प्रतिको समयदेखि नै देशको भूमिको स्वामित्व पूर्णरूपले पंजाब सिन्धका ठुला जमिनदारहरू र पाकिस्तानी सेनाको अधिनमा रहेको छ। पाकिस्तानको प्रतिशत जति खेतीयोग्य जमिन सेनाको अधिनमा रहि तिनीहरूलाई सबभन्दा ठुलो जमिन्दार सकेको छ गत केहि वर्षभित्र पंजाब र सिन्ध हजारौ एकड जग्गा इस्लामिक देशहरू धनी र प्रभावकारी संस्थानहरूले जिम्मा लि सकेका छन्। सन् २००८ मा संचारमाध्यमहरूले गरेको प्रतिवेदन अनुसार सिन्ध, पंजाब र बलुचिस्तानको खेतीयोग्य नभएको ८००००० दुबईको अरबाज क्यापिट लिजिंग र त्यत्तिकै जग्गा शरजाहरूको इमिरेट्स इनभेष्टमेन्ट अबु धावीको अल काद्रा हाल्डींगको अधिनमा रहेको छ। सन् २००९ मा साउदी अरबको ५००००० एकड जग्गा जिम्म लिन पाकिस्तानसँग सम्झौता गरेको थियो। त्यसको थुप्रै उत्पादनशिल खेतीयोग्य जमिन गुप्त रूपमा नै रहेको छ, जो सार्वजनिक हुन सकेको चिनियाहरूले पाकिस्तानको पूरै खेतियोग्य जमीन हत्याएर त्यसमा उत्पादन गरी बीउको व्यापार गर्ने योजना बनाएका छन् भने सिंचाई प्रविधि अनुरूप बीउका विभिन्न जातहरूको प्रदशन योजना समेत स्थापित गर्ने योजना बनाएका छनु। हतारमा तयार पारिएका दस्तावेज हेर्दा चिनियाँहरूको चाहना पाकिस्तानलाई पूर्णरूपमा खाद्यन्न उपलब्ध गराउनु रहेको छ, यसमा सेना र फौजी फाउडेशनको कतिको भूमिका रहेको छ, त्यो अज्ञात नै रहेकोछ ?जबकि कुरा यो छ कि फौजी फाउन्डेशनको रासायनिक खाद, पेट्रोलियम, ऊर्जा र अन्य थुप्रै क्षेत्रमा बचर्श्व रहेकाले सि.पि.इ.सी. चिनियाहरू तथा चिनिया सडकलाई पाकिस्तानमा सुरक्षण दिन तिनीहरूको पनि भूमिका रहेकोले तिनीहरू पनि त्यसबाट लाभान्वित हुने अड्कल गर्न सकिन्छ। चिनियाहरूले बीउको उत्पादन तथा आपूर्तिसँगै निरोधक औषधिहरू, खाद तथा ऋण प्रवाह गर्ने योजना र त्यसको संचालन चिनिया उद्योगले कहिलेकाहि पाकिस्तानी कम्पनीहरूसँगको सहचर्यमा गर्ने गुप्त रहन गएको छैन ? दस्तावेजमा चिनियाँ उद्योगहरूले पाकिस्तानमा लगानी गर्ने अवसर बारे स्पष्ट रूपमा उल्लेख गरिदिएको छ तर त्यसले पाकिस्तानी उद्योगलाई कसरी फाइदा पुऱ्याउने बारे कुनै उल्लेख गरिएको छैन। दस्तावेज अनुसार कृषि क्षेत्रमा कार्यरत हुने चिनियाँ कम्पनीहरूलाई चीन सरकारका विभिन्न मन्त्रालय तथा चीन विकास बैंकबाट अत्याधुनिक तथा अवधारणा स्तरको सहयोग प्रदान गरिएको छ जसले पाकिस्तान र चीन सरकारका वरिष्ठ प्रतिनिधिहरूसँग सम्पर्क गरी कार्य गर्नेछ।

चिनिया कम्पनीहरूलाई पाकिस्तानमा आफ्नो फार्म संचालन गर्ने तथा फलफुल तथा तरकारीहरूको प्रशोधन गर्ने सुविधा समेतको स्वतन्त्रता प्रदान गरिनेछ। यो निर्धक्क भएर भन्न सकिन्छ कि चिनिया कम्पनीहरूले खाद, किटनाशक औषधि, निरोधक सुई तथा खाद्यन्नहरूको कम्पनी स्थापित गर्नमा नेतृत्वदायी भूमिका निर्वाह गरी त्यसको प्रतिफल प्राप्त गर्नेछन्। छोटकरीमा भन्ने हो चीन सरकार र पाकिस्तानी सेनाका उद्योगपतिहरू तिनका राजनीतिमा रहेका मित्रहरू तथा मुल्लाहरूको साँठगाँठमा यो आरामदायि व्यवस्थापन र सम्झौता गरिएको हो। चिनियाहरूले आफ्नो लगानी असर पूर्ण रूपले निगरानी राख्नेछन् , जो अनुकुल प्रकृति अनुगमन तथा निरिक्षण प्रणाली अनुरूप गरिने पेशावर देखि कराचीसम्म सि.सि.टी.भि. क्यामरा संजाल विस्तार गरी सडकमाथि र व्यस्त बजारहरूमा कानून र व्यवस्था (ल एण्ड अडर) बनाई राख्न चौबिसौं घण्टा भिडियो रेकर्डिङ गरिनेछ। चिनियाहरूले टेलिभिजन र इन्टरनेट सेवा पाकिस्तानभरी गर्न फाइबर अप्टीक संजालको उपयोग गर्नेछ, जसबारे पाकिस्तानीहरूले उर्दूमा उपशिर्षक दिएर प्रशारण भएपछि आनन्द लिन सक्नेछन्। 'डान' पत्रिकाले आफ्नो लेख मार्फत निष्कर्षपूर्ण टिप्पणी यस प्रकार गरेको छ – 'यसलाइ "औपनिवेशीकरण" वाहेक अरू केहि भन्न सकिन्छ त ?' – *एजेन्सीको सहयोगमा*

# पत्रपत्रिकाबाट...

## भारतद्वारा अहिलेसम्मकै ठूलो रकेट प्रक्षेपण

काठमाडौं। भारतले आफ्नो अहिलेसम्मकै गह्रौं रकेट सफलतापूर्वक अन्तरीक्षमा प्रक्षेपण गरेको छ। बंगालको खाडी क्षेत्रस्थित श्रीहरीकोटाबाट भारतले ६ सय ४० टन तौलको रकेट प्रक्षेपण गरेको हो। रकेटको सफलतापूर्वक परीक्षण भारतीय इतिहासमा महान दिन भएको भारतीय मिडियाहरूले उल्लेख गरेका छन्। यो रकेटको प्रक्षेपणसँगै अब भारतीय अन्तरीक्षण अनुसन्धान संस्था इसरोलाई आफ्ना गह्रौं उपग्रह पठाउनका लागि युरोपियन रकेटहरूको भर पर्नुपर्ने छैन। यो रकेटको तौल पाँचवटा जम्बो जेट तथा २ सय वटा हात्तीको तौल बराबर रहेको भनी कतिपयले तुलना गरेका छन्। विश्वको व्यवसायिक स्टाटेलाइट प्रक्षेपण बजारमा आफ्नो हिस्सा बढाउने प्रयत्नमा रहेको भारतका लागि पछिल्लो प्रक्षेपण निकै महत्पूर्ण रहेको बताइएको छ। अन्तरीक्षमा गह्रौं उपग्रहहरू प्रक्षेपण गर्दा भारत हालसम्म अन्य देशमा निर्भर रहनु परेको छ र यसले इसरोको ठूलो बजेट खर्च हुन्छ। जिएसएलभी मार्क तृतीय नामक यो रकेटले तिन टन सम्मको वजन बोकेर अन्तरीक्षयानहरू रहेको पृथ्वीको कक्षमा पुग्न सक्नेछ। पृथ्वीमा चालु रहेका टेलिभिजन, टेलिफोन तथा ब्रोडब्याण्ड इन्टरनेट कनेक्सन मूलभुत रूपमा सोही कक्षमा रहेका स्याटेलाइटमा निर्भर छन्। भारतले प्रक्षेपण गरको रकेट उसका लागि सबैभन्दा गह्रौं भएतापनि यसले विश्व किर्तिमान भने राख्न सकेन। सन् १९६७ देखि १९७३ को बीचमा नासाले प्रक्षेपण गरेको स्याट्र्न भी अहिलेसम्मकै गह्रौं रकेट हो। जसको तौल अहिलेको भारतीय रकेटको चार गुणा बढि थियो।

## पाकिस्तानमा लुको प्रकोप

एजेन्सी इस्लामाबाद। पकिस्तानमा अत्यधिक तातो हावा (लु) को प्रकोप देखा परेको छ। पाकिस्तानमा कैयौं शहरमा ५२ डिग्री सेल्सियस तापक्रम पुगेको छ। पाकिस्तानका पञ्जाब र खैबर पख्तुनख्वामा ५२ डिग्रीभन्दा अधिक तापक्रम रहेको छ। पाकिस्तानमा यो सबैभन्दा बढी तापक्रम भएको त्यहाँका मौसम विभागले जनाएको छ। अत्यधिक गर्मीकै कारण मुस्लिम धर्मावलम्वी भएको पाकिस्तानमा रमदानको व्रत लिएका श्रद्धालुलाई असुविधा भएको छ। सूर्योदयदेखि सूर्यास्तसम्म पानी नपिउने भएकाले रोजा राख्न कठिन भएको हो। खैबर पख्तुनख्वाको डेरा इस्माइल खान र सिब्बीमा ५१ डिग्री छ भने सरगोधा र रिसालपुरमा ५० डिग्री रेकर्ड गरिएको छ। समथर इलाकामा गर्मीले जनजिवन कष्टकर बनेको छ भने पहाडी क्षेत्रमा पनि समस्या देखिन थालेको छ। हिमाली क्षेत्रमा हिउँ र ग्लेसियर पग्लन थालेको बताइएको छ। लाहोरमा पनि अधिकतम तापक्रम ४९ डिग्री रहेको छ। यहाँको मौसम विभागले देशका अधिकांश भागमा अझै केहि दिनसम्म सुख्खा हुने र लु चल्ने चेतावनी दिएको छ। सिन्धका माथिल्ला क्षेत्र, बलुचिस्तानका कैयौं क्षेत्र, पञ्जाब र खैबर पख्तुनख्वाका समथर भुभागमा अत्यधिक गर्मी हुने गर्छ।

# जिल्ला समाचार

## "आधुनिक सहरको परिकल्पना साकार पार्छु"

चन्द्रकान्त खनाल, रूपन्देही। आसन्न स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा बुटवल उपमहानगरपालिकाको मेयर पदमा नेपाली काँग्रेसको तर्फबाट टिकट पाएका खेलराज पाण्डेलाई बुटवलमा भव्य स्वागत गरेका छन्। बुटवल उपमहानगर पालिकाको मेयर पदमा टिकट पाएसँगै पार्टीबाट पत्र लिएर मंगलबार बुटवल आउने क्रममा पार्टी कार्यकर्ता तथा सुभेच्छुकहरूले भैरहवाको बिमानस्थलमा पुगेर भव्य स्वागत गरेका हुन्। त्यसलगत्तै नेपाली काँग्रेसका बुटवल नगर सभापति समेत रहेका पाण्डेले बुटवलको बिपी चोकमा रहेको बिपिको सालिकमा माल्यार्पण गर्नु भएको थियो। माल्यार्पण सँगै पार्टी कार्यकर्ता तथा सुभेच्छुक सहित बुटवल नगर परिक्रमा गरि ट्राफिकचोकमा संक्षिप्त कोणसभा समेत गरिएको थियो।

## सीमा नाका तीन दिनसम्म बन्द हुने

महोत्तरी। स्थानीय तहको दोस्रो चरणको निर्वाचनलाई मध्यनजर गर्दै नेपाल-भारत सीमा नाका तीन दिनसम्म बन्द हुने भएको छ। जिल्लास्तरीय भारत-नेपाल सीमा समन्वय समितिको बैठकले महोत्तरी, धनुषा, सिरहा र सप्तरीसँग जोडिएको भारतीय सीमा नाका असार ११ गतेदेखि १४ गतेसम्म बन्द गर्ने निर्णय गरेको छ। नेपालका महोत्तरी, धनुषा, सिरहा र सप्तरीका प्रजिअसहित सुरक्षा निकायका प्रमुख र भारतका मधुवनी जिल्लाका डिएम, एसपी, एसएसबीका एसपीसहितको उपस्थितिमा बसेको सो बैठकमा दोस्रो चरणको निर्वाचनका विषयमा आवश्यक छलफल गरिएको जनाइएको छ। बैठकले लागुऔषध नियन्त्रण, मदिरा निषेध, हातहतियार ओसारपसार, आपराधिक गतिविधि, चोरी तस्करी र सीमा अतिक्रमणलगायत विषयमा दुबै देशले विशेष निगरानी बढाउने निर्णय पनि गरेको छ।

## मतदान केन्द्रमा नमुना मतदान

इनरूवा। मतदाता शिक्षा अभावका कारण विगतमा हुँदै आएको बदर मतलाई कम गर्नका लागि निर्वाचन कार्यालयले नमुना मतदान कार्यक्रम गरेको छ। जिल्ला निर्वाचन कार्यालय सुनसरीले बदर मत कम गर्न कोसी गाउँपालिकाको नहर चोकमा नमुना मतदान कार्यक्रम सम्पन्न गरेको हो। गाउँका स्थानीयलाई मतदान गर्न सिकाउने र बदर मत कम गर्ने उद्देश्यले कोसी गाउँपालिकाको नहर चोक मतदान केन्द्रमा नमुना मतदान गरिएको हो। नमुना मतदानमा स्थानीय दलका प्रतिनिधि र केही स्थानीयको सहभागिता रहेको थियो। मुख्य निर्वाचन अधिकृत अर्जुनप्रसाद कोइराला, प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद पराजुली, प्रहरी उपरीक्षक पोषराज पोखरेल, सशस्त्र प्रहरी, नेपाली सेना र अन्य सरोकारवालासहितको टोलीले मतदातालाई निर्वाचनमा मतदान गर्ने तरिका, केन्द्रको व्यवस्थापनलगायतका विषयमा जानकारी गराएको थियो।

## अज्ञात समूहद्वारा स्काभेटरमा आगजनी

राकेश यादव, रौतहट। रौतहटको चन्द्रपुर-३ गैंडाटारमा चूरे भीमफेदीमा रहेको चन्द्रपुर र गैडाटार जोड्ने चादी खोलामा निर्माणाधिन पुलको प्रयोजनका लागि ल्याइएको स्काभेटरमा अज्ञात समूहले आगजनी गरेका छन्। ५/६ जनाको समूहमा गएका नकावधारी समूहले स्काभेटरमा आगो लगाउँदा स्काभेटर पूर्ण रूपले क्षतिग्रस्त भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। स्काभेटरमा आगजनी भएको खबर पाउना साथ तत्कालै इलाका प्रहरी कार्यालय चन्द्रपुरबाट घटनास्थलमा प्रहरी पुगेर आगो निभाउने प्रयास गरे पनि स्काभेटर जलेर क्षति भएको प्रहरी उपरीक्षक यज्ञ विनोद पोखरेल बताउँदै स्काभेटरमा आगजनी कसले र किन गरेको हो भन्ने सम्बन्धमा अनुसन्धान कार्य सुरू गरिएको जानकारी दिएका छन्।

## धनुषामा फोटो पत्रकार समूह गठन

जनकपुरधाम। पत्रकार जयन्त ठाकुरको अध्यक्षतामा राष्ट्रिय फोटो पत्रकार समूहको धनुषा शाखा गठन गरेका छन्। धनुषा शाखाको उपाध्यक्षमा किरण कर्ण, सचिवमा गोविन्द महतो, सहसचिवमा प्रतिभा झा, कोषाध्यक्षमा नेहा झा तथा सदस्यहरूमा सोनी साह र राजा झा चयन भएका छन्।

## जैविकविविधता संरक्षणमा सक्रियता

नेपालगञ्ज। निकुञ्जको मध्यवर्ती क्षेत्रकायुवा जैविकविविधता संरक्षणमा सक्रिय भएर लागिरहेका छन्। राष्ट्रिय निकुञ्जहरूको व्यवस्थापन, मध्यवर्ती क्षेत्रकावासिन्दाको आय–आर्जन तथाअन्य सीपमूलककार्यक्रम सञ्चालनगर्दै आएको संस्थाजियोलोजिकल सोसाइटी अफ लन्डन (जेडएसएल) ले संरक्षणमा सहयोग पुग्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरेपछि संरक्षणमा युवाको चासो अझ बढेको हो।

## मारवाडी युवा मंचद्वारा रक्तदान

राजविराज। नेपाल माहेश्वरी परिषद, नेपाल माहेश्वरी युवा परिषद्ले राजविराजमा रक्तदान कार्यकमको आयोजना गरिएको छ। शनिबार राजविराजस्थित गजेन्द्र चौकमा सगरमाथा माहेश्वरी सभा, युवा मंच, सगरमाथा माहेश्वरी महिला मंचको आयोजना राष्ट्रयव्यापी रक्तदान कार्यकममा दर्जनौ युवाहरूले रक्तदानमा गरेका थिए। रक्तदान दिनेहरूमा माहेश्वरी युवा मंच राजविराजका अध्यक्ष उज्जवल कावरा,महासचिव हुमेश कावरा, राजविराजका विकम कावरा, रंजन गुप्ता, बसन्त कावरा, बैधनाथ ढकाल, सुमित कुचेरी, बृन्दा सारदा, नारायण यादब लगायतले रक्तदान गरेका थिए।

## मतदान केन्द्रमा नमुना मतदान

इनरूवा। मतदाता शिक्षा अभावका कारण विगतमा हुँदै आएको बदर मतलाई कम गर्नका लागि निर्वाचन कार्यालयले नमुना मतदान कार्यक्रम गरेको छ। जिल्ला निर्वाचन कार्यालय सुनसरीले बदर मत कम गर्न कोसी गाउँपालिकाको नहर चोकमा नमुना मतदान कार्यक्रम सम्पन्न गरेको हो। गाउँका स्थानीयलाई मतदान गर्न सिकाउने र बदर मत कम गर्ने उद्देश्यले कोसी गाउँपालिकाको नहर चोक मतदान केन्द्रमा नमुना मतदान गरिएको हो। नमुना मतदानमा स्थानीय दलका प्रतिनिधि र केही स्थानीयको सहभागिता रहेको थियो। मुख्य निर्वाचन अधिकृत अर्जुनप्रसाद कोइराला, प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद पराजुली, प्रहरी उपरीक्षक पोषराज पोखरेल, सशस्त्र प्रहरी, नेपाली सेना र अन्य सरोकारवालासहितको टोलीले मतदातालाई निर्वाचनमा मतदान गर्ने तरिका, केन्द्रको व्यवस्थापनलगायतका विषयमा जानकारी गराएको थियो।

## कपिलवस्तुमा रक्तअल्पताका रोगी बढ्दै

कपिलवस्तु। जिल्लामा पोषणमा सुधार नआउँदा रक्तअल्पताका रोगीको संख्या बढेको छ। कुपोषणको समस्या हटाउन स्वास्थ्य संस्था तथा अस्पतालमार्फत वर्षौंदेखि निःशुल्क आइरन चक्की वितरण गरिदै आएको छ। रक्तअल्पताका रोगीले सङ्ख्यामा भने कमी आएको छैन। बहुक्षेत्रीय पोषण कार्यक्रम लागु भएयताको पाँच वर्षमा सो रोगीको संख्या पाँच प्रतिशतले बढेको छ। सन् २०११ म ३५ प्रतिशत मात्र रहेको रक्तअल्पताका बिरामी सन् २०१६ मा ४१ प्रतिशत पुगेको हो।

## ब्लडबैंकमा रगतको अभाव

नेपालगञ्ज। नेपालगञ्जमा रगतको अभाव हुन थालेको छ। नेपालगञ्जस्थित नेपाल रेडक्रस सोसाइटीको क्षेत्रीय रक्तसञ्चार केन्द्र (ब्लड बैंक) मा रगतको मौज्दात सकिएपछि रगत अभाव भएको हो गर्मीको बेला बाँकेमा बर्सेनि रगतको अभाव हुने गरेको भएपनि यसपटक संस्थागत रक्तदानको अभावले झनै समस्या उत्पन्न भएको क्षेत्रीय रक्तसञ्चार केन्द्रले जनाएको छ। अहिले कुनै पनि आपत्कालिन घटना दुर्घटना भैहाले रगत नपुगेर ठुलो समस्या पर्ने देखिएको ब्लड बैंकले जनाएको छ।

## गर्मीका कारण जनजीवन कष्टकर

धनुषा। अत्यधिक गर्मीका कारण तराई-मधेशको जनजीवन कष्टकर बन्दै गएको छ। गर्मीका कारण अस्पतालमा बिरामीको चाप बढेको छ। जनकपुर अञ्चल अस्पतालका अनुसार अस्पतालमा दैनिक आउने बिरामीमध्ये झाडापखाला र गर्मीको कारण हुने विभिन्न किसिमका रोग नै बढी देखिएको छ। गर्मीका कारण बालबालिका र वृद्धवृद्धा सबैभन्दा बढी प्रभावित भएका छन्। साना बालबालिकालाई विद्यालय जान पनि गाह्रो हुन थालेको छ।

## मोटरसाइकल चालकको मृत्यु

मोरङ। विराटनगर-३ स्थित कोसी राजमार्गमा सोमबार राति गाडीको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ। उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको लहरीले विपरीत दिशाबाट आउँदै गरेको को २८ प ६४८४ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा त्यसका चालक विराटनगर-३ बस्ने २६ वर्षीय उत्सव पोखेलको घटनास्थलमै मृत्यु भएको हो। ठक्कर दिने लहरीलाई नियन्त्रणमा लिएपनि त्यसका चालक फरार रहेकाले खोजी भइरहेको छ।

## facebook


केपीले पीकेलाई झैं पीकेले आफुलाई धोका नदिँदा भोका देउवा दंग। उत्रा पीकेको आत्मप्रशंसा, हैट् प्रशंसा त, मान्यवर, अरूले गर्दिएको पो राम्रो। **खगेन्द्र संग्रौला**


पहाड/हिमालमा एक किमि सडक बनाउने पैसाले मधेशमा कम्तीमा पाँच किमि सडक बनाउन सकिन्छ। पहाड/हिमाल र मधेशको टाउको गनेर निकालिने हिसाबले बडो सतही हुन्छ। **मेघराज रसाईली**


निर्वाचन आयोगको विज्ञापनमा सुन्तलीले कालो नपोती भेषभुषाले मात्र मधेशी देखाउन सकिदैनथ्यो र ? विज्ञापनको कनसेप्ट बनाउनेमाथि दया जाग्यो जसलाई मधेशी कोईला जस्तो कालो हुन्छ भन्ने भ्रम छ। विज्ञापन बनाउन छाडे हुन्छ। स्मरण रहोस भर्खरै भएकी मिस नेपाला मधेशबाट नै हो। **स्वेता सिन्हा**


मधेशको राजनीतिमा विगत १० वर्षमा सबै भन्दा सफल मधेशी नेता र पार्टी विजय गच्छदारको फोरम लोकतान्त्रीक नै हो। अहिले पछाडि फर्केर हेर्दा कम्तीमा अन्य मधेशी नेता जस्तो गच्छदारले दोहरो चरित्र देखाएको छैन्। स्पष्ट तरिकाले संसदीय राजनीतिको प्रयोग गरेका छन्। **अनन्त अनुराग**


अबको निर्वाचनमा नेपाली काङ्ग्रेस पहिलो र एमाले दोस्रो ठूलो पार्टी हुनेछ र त्यहीँ मधेशबाट एमालेले कल्पनाभन्दा ठिक विपरित परिणाम ल्याउने छन्। माओवादी उहीँ पुरानो स्थान अर्थात, तेस्रो स्थानको पार्टी हुनेछन भने राप्रपा आदिहरूको खासै कुनै स्थान हुनेछैन। यता मधेसवादीहरूमध्ये क्रमश: लोकतान्त्रिक फोरम, फोरम नेपाल र राजपा हुनेछ। **वीरेन्द्र के.एम**


हरेक पटक प्रधानमन्त्री परिवर्तन हुँदा सत्ताको लोभले वा अन्य विभिन्न कारण देखाई आफु चाँहि मतदान प्रक्रियामा सहभागी हुने तर २० वर्षपछि भईरहेको स्थानीय तहको निर्वाचनमा जनतालाई सहभागी हुन नदिने राजपा नेपालको नीति चित्तबुझ्दो छैन। **संगीता रेग्मी**


थुप्रैलाई मतदान, मतपत्र आदिको बारेमा राम्रो ज्ञान नभएको र हाम्राभन्दा माथि उठेर राम्रा उम्मेदवारलाई भोट दिने परिपाटि पनि नबनिसकेको मधेशमा डा. सीके राउत बाकस बाहिर भोट हाल्न आह्वान गर्दैछन्। यस्तै शिक्षा दिएर सबल मधेश निर्माण गर्ने हुन् ? **स्नेहा झा**


आफुहरू चाहिँ प्रधानमन्त्री निर्वाचनमा लुसुलुस मतदान गर्ने तर जनतालाई चाहिँ स्थानिय चुनावमा मतदान नै गर्न नदिने ? मधेशमा राजपा भन्छ - संविधान संशोधन पछि मात्रै निर्वाचन ? **प्रकाश तिमल्सिना**


ओलीको नकक्ली कुरामा मधेशी जनतालाइ विश्वास छैन, मधेशले कुनै पदक विभुषण र मानपदवी मागेको होइन अधिकार मागेको हो पदक तपाईहरू नै बाँडेर लिनुहोला। **विष्णु सुवेदी**


प्रभावका हिसाबले मधेशमा संघीय फोरम शक्तिशाली छ। गच्छदार केही जिल्लामा बलियो, समस्या त्यही राजपाको हो। सरकारले चुनाव सारेपछि राजपालाई चुनावमा जाने दबाब बढेको छ। चुनावमा नआए थकिन्ने सम्भावना छ। **साजन झा**

## नीकिता चन्दक माथि टिका टिप्पणी गर्नु गलत हो : पूर्वमिस नेपाल खत्री



वीरगन्ज। पूर्वमिस नेपाल अर्थ रोशनी खत्रीले यसवर्ष घोषणा भएकी मिस नेपाल नीकिता चन्दक माथि टिका टिप्पणी गर्न नहुने बताएकी छिन्। सोमबार जि.एच.पि माध्यमिक विद्यालय वीरगंजले विश्व वातावरण दिवसको अवसरमा आयोजना गर्न लागेको वृक्षारोपण तथा सम्मान कार्यक्रममा अतिथिका रूपमा वीरगंज आएकी मिस खत्रीले आईतबार सञ्चारकर्मीहरूसंग कुराकानी गर्दै, आफ्नो दक्षता र क्षमताका अधारमा मिस नेपाल घोषणा भएकी चन्दकलाई मधेशी समुदायको अधारमा टिका टिप्पणी गर्नु व्यर्थ रहेको बताईन्। उनले भनिन्, हरेक वर्ष घोषणा हुने मिस नेपालका लागी विभिन्न वर्गहरूले टिका टिप्पणी गरिरहेकै हुन्छ तर विशेष समुदायको अधारमा टिप्पणी गर्नु गैर न्यायिक रहेको उनको तर्क थियो। नेपालमा सुरूवातदेखी नै मिस नेपालको ताजका लागि केहि न केही विवाद भई नै रहेको हुन्छ तरपनी नेपाल सुन्दरीहरूले विश्वका लागी नेपाललाई विभिन्न माध्यमबाट परिचित गराईरहेका हुन्छन्। तरपनी उत्कृष्टताको सम्मान गर्न हाम्रौ समाज पाछाडी रहेको बताएकी थिईन्। उनले विदेश संगसंगै देशको विभिन्न भागमा वातावरण जोगाउनका लागी विभिन्न समाजिक कार्यहरूमा सहभागि हुदै आएकाले यसवर्षको विश्व वातावरण दिवसको अवसरमा देशकै आर्थिक तथा औधोगिक नगरी वीरगंजमा आएको उनले बताईन्।

## भारतीय पुनर्निर्माण सहयोग कार्यान्वयन हुँदै

काठमाडौं। भारतले नेपालमा भूकम्पपछिको पुनर्निर्माणका लागि उपलब्ध गराएको झण्डै ७८ अर्ब रूपैया अर्थात ७५० मिलियन अमेरिकी डलर सहुलियत ऋण अन्तर्गतका पुनर्निर्माण परियोजना अघि बढाउने भएको छ। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको भ्रमणमा भारतले उक्त ऋण उपलब्ध गराउने घोषणा गरेको थियो। घोषणा अनुसार भारतीय एक्जिम बैंकले नेपालमा बन्ने पुनर्निर्माण परियोजनाका लागि ऋण सहायता उपलब्ध गराउने छ। भारतीय एक्जिम बैंक मार्फत परिचालन हुने सहयोगको सर्त अनुसार पुनर्निर्माणका परियोजनमा ५ प्रतिशत भारतीय निर्माण सामाग्री र सेवा अनिवार्य प्रयोग गरिएको हुनुपर्ने उल्लेख छ। भूकम्पले क्षति बनाएर विद्यालय तथा घरलगायत साना किसिमका परियोजना पुनर्निर्माणमा उक्त भारतीय सहयोग ऋण खर्च गर्ने सरकारी तयारी छ। अर्थ मन्त्रालयका अनुसार नेपालले परियोजना छनोट गरेर भारतलाई दिएपछि त्यसको कार्यान्वयन अघि बढ्ने छ।

## मैथिली चलचित्र सम्बन्धी अन्तरक्रिया



राजविराज। मैथिली चलचित्रको अवस्था तथा प्रवर्द्धन विषयक अन्तरक्रिया कार्यक्रम सप्तरीको राजविराजमा आयोजना सम्पन्न भएको छ। चलचित्र विकास बोर्ड काठमाडौंको सहयोगमा जेठ १४ गते आइतवार नेपाल मैथिली चलचित्र कलाकार संघद्धारा अन्तरक्रिया कार्यक्रम आयोजना गरीएको थियो। कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै आयोजक संस्थाका अध्यक्ष संगीतकार तथा फिल्मकर्मी कमल मण्डलले मैथिली चलचित्रको इतिहास सन् १९६५ मा भारतबाट निर्माण भएको कथानक फिल्म कन्यादानमा आंशिक रूपमा मैथिली भाषा प्रयोग भएको जानकारी दिएका छन्। नेपालमा प्रजातन्त्र प्राप्ति पश्चात पहिलो पटक जनकपुरबाट दहेज नामक मैथिली चलचित्र निर्माण भएको तथा तत्पश्चात जनकपुर बाहेक सिरहा, सप्तरी, सुनसरी, बिराटनगरबाट पनि मैथिली फिल्म निर्माण हुने क्रम बढेको कार्यपत्रमा उल्लेख छ। कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासंघ सप्तरीका उपाध्यक्ष समेत रहेका मैथिली साहित्य परिषदका सचिव श्यामसुन्दर यादवले मैथिली फिल्महरूको निर्माणमा तुलनात्मक रूपमा बृद्धि भए पनि गुणस्तरीयता आउन नसकेको बताए। धेरै फिल्म निर्माण होस् तर दक्ष एवम् अनुभवी कलाकारहरूको सहभागिता गुणस्तरीय फिल्म निर्माण हुनु जरूरी छ। कार्यक्रममा नायक निराजन मेहताले मैथिली भाषाको चलचित्र निर्माण गर्दा अनुमतीविना नै निर्माण सुरू गर्छ र प्रदर्शनको वेलामा हल नपाएपछि धेरै मैथिली फिल्महरू डब्बामा बन्द भएर बसेको गुनासो गरेका छन्।

## उपेन्द्र यादवले गद्दारी गरे : महतो

जनकपुर। राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले संविधान संशोधन बिना मधेसको जिल्लामा निर्वाचन हुन नसक्ने बताएका छन्। उनले निर्वाचन गराएर देखाउन देउवा सरकारलाई चुनौती दिए। माओवादीले उठाएका मागलाई देउवा सरकारले फोहोरको टोकरीमा फालेका कारण देशमा १२ वर्षे सशस्त्र द्वन्द्व र देउवा नेतृत्वको सरकारले असार १४ गते दोस्रो चरणको निर्वाचन गराएर दोस्रो जनयुद्ध निम्त्याउन खोजेको उनको आरोप छ। धनुषा जिल्लाको जनकपुर उपमहानगरपालिका वडा नं. १६ कपिलेश्वरस्थित राष्ट्रिय जनता पार्टीले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा अध्यक्ष मण्डलका सदस्य महतोले प्रमुख तीन दलले संविधान संशोधन गरेकै दिन निर्वाचन गराए पनि आफ्नो पार्टी निर्वाचनमा जान तयार रहेको बताए। उनले नाम नलिइ उपेन्द्र यादवमाथि गद्दारको आरोप लगाए।






## आर्थिक समाचार

### एनसेल प्रविधि तटस्थता मार्फत डिजिटल नेपालका लागि प्रतिबद्ध

काठमाडौं। देशकै अग्रणी जिएसएम मोबाइल सेवा प्रदायक कम्पनी एनसेलले ९०० मेगाहर्ज र १८०० मेगाहर्ज ब्याण्डमा प्रविधि तटस्थता अवलम्बन गर्दै थ्रिजी प्रविधिमा आधारित मोबाइल सेवाको विस्तार दोब्बर गरी देशको कुल जनसंख्याको ६० प्रतिशतमा द्रुत गतिको मोबाइल इन्टरनेट सेवा पुऱ्याउन आफु तयार भएको जनाएको छ।
प्रविधि तटस्थता मार्फत एनसेलले १ करोड ७० लाख भन्दा बढि नेपाली नागरिकमा थ्रिजी सेवा पुऱ्याई उनीहरूलाई द्रुत गतिको मोबाइल इन्टरनेटको लाभ प्रदान गर्नेछ। इन्टरनेट अहिले विजुली-बत्ति र पानी जस्तै मानिसको आधारभुत आवश्यकता भईसकेको छ। यसरी नेपाली नागरिकलाई सेवा गर्ने मौका दिई उनीहरूका लागि बहुप्रतिक्षित सेवा प्रदान गर्ने अवसर दिईएकोमा कम्पनीले आभार व्यक्त गरेको छ।
एनसेलको विस्तारित नेटवर्क कभरेजले बझाङ्गको देउरालीकोट, मुगुको श्रीनगर, मुस्ताङ्गको झोङ्ग, ललितपुरको माल्टा र सोलुखुम्बुको तिङ्गला जस्ता १,००० भन्दा बढि ग्रामिण तथा दुर्गम ठाउँमा सेवाको पहुँच पुऱ्याउने छ। यी स्थानका बासिन्दाहरूले पहिलो पटक द्रुतगतिको मोबाइल इन्टरनेटमा पहुँच पाउनेछन्। यसले देशमा विद्यमान डिजिटल डिभाइडलाई घटाउन योगदान दिई स्थानियवासीको जनजीवन, समुदायको अर्थतन्त्र र सामाजिक क्षेत्रमा स्पष्ट सकारात्मक प्रभाव पुऱ्याउने छ।
"हामी प्रविधि तटस्थताले देश र जनतामा ल्याउने वृहत सकारात्मक प्रभावका बारेमा सोचेर उत्साहित छौं। यसले विषेशत: इन्टरनेट सेवाको पहुँच, नयाँ अवसरहरूको सिर्जना र कुल गार्हस्थ उत्पादनको वृद्धिमा ठूलो भुमिका खेल्नेछ," एनसेलका प्रबन्ध निर्देशक साइमन पर्किन्सले भने। "यी लक्ष्य प्राप्तिका लागि हामीले आवश्यक स्रोतहरू, प्रविधि हस्तान्तरण तथा पुर्वाधार निर्माणका लागि रू ३० अर्ब सम्मको लगानी प्रतिबद्ध गरेका छौं। संयुक्तरूपमा डिजिटल नेपाल निर्माणको राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि हामी पूर्णरूपमा समर्पित छौं।"
विश्व बैंकको अध्ययन अनुसार, मोबाइल ब्रोडब्याण्डमा पहुँचले तत्काल आर्थिक वृद्धिदर बढाउन मद्दत गर्दछ। ब्रोडब्याण्ड जनघनत्वमा प्रत्येक १० प्रतिशत विन्दुको वृद्धिले आर्थिक वृद्धिदरलाई १.३८ प्रतिशत विन्दुले बढाउने विश्व बैंकको तथा अन्य अन्तर्राष्ट्रिय अध्ययनले देखाएका छन्। आफ्नो प्रतिबद्धता बमोजिम एनसेलले काठमाडौंमा जेठ १८ बाट फोरजी सेवाको शुभारम्भ गरेको छ, जस अन्तर्गत काठमाडौं उपत्यका, बनेपा तथा धुलिखेलका ग्राहकले फोरजी प्रविधिको लाभ लिन सक्छन्। साथै, सन् २०१७ को अन्त्य सम्ममा कुल जनसंख्याको १५ प्रतिशतमा फोरजी पुऱ्याउने लक्ष्य लिई कम्पनीले हाल देशका विभिन्न ४० शहरहरूमा फोरजी सेवाको योजना तथा परीक्षण गरीरहेको छ।







# मिथिला दर्शन टी़भी़
## कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं